रातो खबर अब www.eratokhabar.com मा पनि पढ्न सकिन्छ ।

# रातो खबर

Ratokhabar weekly

साप्ताहिक


## अबको क्रान्तिको नेतृत्व पनि रोल्पाले नै गर्नेछ

नन्दबहादुर बुढामगर
केन्द्रीय सदस्य - नेकपा



अन्तर्वार्ता

पृष्ठ ३


वर्ष ३, अङ्क ९, पूर्णाङ्क १०४ | २०७४ साउन १८ गते बुधबार | Wednesday, 2 Aug 2017 | www.eratokhabar.com | मूल्य रु. १०


## सस्तो बजारमाथि भएको दमनको विरोध



■ रातो खबर संवाददाता/पोखरा

पृथ्वीचोकस्थित सस्तो बजारमा लामो समयदेखि व्यापार गर्दै आएका साना व्यापारीलाई वैकल्पिक व्यवस्था नगरी बल प्रयोग गरेर उठाउने गैरजिम्मेवार र अमानवीय कार्यको विरुद्ध नेकपाले विरोध जनाएको छ । मंगलबार नेकपाका प्रवक्ता प्रकाण्डले एक विज्ञप्ति जारी गर्दै विरोध जनाउनुभएको हो ।

विज्ञप्तिको पूर्ण पाठ - पोखरा-पृथ्वीचोकस्थित सस्तो बजारमाथि देउवा सरकार र त्यसको गृहप्रशासनले गरेको हस्तक्षेपबारे पार्टीको धारणा सार्वजनिक गर्न यो प्रेस विज्ञप्ति जारी गरिएको छ ।

१) विगत ५ वर्षदेखि पोखराका फुटपाथ व्यापारीहरूले पृथ्वीचोकको सस्तो बजारमा व्यापार-

... बाँकी पृष्ठ ७ मा

# आयल निगम भ्रष्टाचारपछाडि को छ ?

"दलाल र भ्रष्ट तत्वहरूलाई कारबाही गर" : प्रकाण्ड, प्रवक्ता-नेकपा




■ रातो खबर संवाददाता/काठमाडौँ

आयल निगमका प्रमुख गोपाल खड्काको भ्रष्टाचारको विरुद्ध १ वर्षअगाडि नै नेकपाले संघर्ष चलाएको थियो । गत वर्ष २० भदौमा जारी तत्कालीन नेकपा माओवादीको अपीलमा नियोजित रूपमा सरकारी संस्था डुबाउन खोजिएको, मिलेमतोमा भ्रष्टाचार भएको र सम्पूर्ण मार जनतामाथि थोपरिएको आरोप लगाइएको थियो । अहिले विगतको भारतको नाकाबन्दीबाट पाठ सिक्दै भविष्यमा त्यसको नकारात्मक प्रभाव कम गर्ने उद्देश्यले सरकारले सातवटै प्रदेशमा पेट्रोलियम पदार्थ भण्डारण केन्द्र निर्माण गर्ने भएको छ। त्यसका लागि अहिले जग्गा खरिद प्रक्रिया चलिरहेको छ । ५ नं. प्रदेश अन्तर्गत रोहिणी नदी किनारको बगर जग्गा जग्गा धनीहरूबाट प्रतिकट्ठा ३ लाख रूपैंयाका दरले खरिद गरेर आयल निगमका प्रमुख र मन्त्रीहरूको मिलेमतोमा भू-माफिया र दलालहरूले आयल निगमलाई १० लाख ७५ हजार प्रतिकट्ठा बिक्री गरेका छन् । प्रतिकट्ठा झण्डै ८ लाख अनियमितता भएको देखिन्छ । सो जग्गा नदी कटान र डुबानबाट जोगाउन करोडौं थप रकम खर्चिनुपर्ने हुन्छ । आयल निगमले त्यस्तो जोखिमयुक्त जग्गा किन खरिद गर्न तयार भयो त ? प्रश्न अनुत्तरित छ । आयल निगमले झापा, सर्लाही, चितवनमा समेत सोही प्रयोजनको लागि जग्गा खरिद गरेको छ र भैरहवाकै जसरी दलालसँगको मिलेमतोमा करोडौं भ्रष्टाचार गरेको देखिन्छ । १ वर्षअगाडि नै विप्लव नेतृत्वको नेकपाले आयलन निगमको भ्रष्टाचारको विरुद्ध नागरिक, संचार र सरोकारवाला निकायको ध्यानाकृष्ट गरेको थियो । अहिले आएर १ वर्षपछि सबैजसो संचारमा सो विषय छरपष्ट भएको छ तर सरोकारवाला निकायहरू आपूर्ति मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित सम्बन्ध समिति र अख्तियार दुरुपयोग अनुसन्धान आयोग

... बाँकी पृष्ठ ७ मा

## रामपुर कलेजमा आगजनी



आगजनीबाट क्षतिग्रस्त भिसी कार्यालय, रामपुर

■ रातो खबर संवाददाता/काठमाडौँ

अखिल क्रान्तिकारीसहित विभिन्न विद्यार्थी संगठनहरू एक महिनाअगाडिदेखि विभिन्न मागहरू राखेर कृषि तथा वन विज्ञान विश्वविद्यालय, रामपुरमा संघर्ष गर्दै आएका थिए । विद्यार्थी संगठनहरूले देशमा कृषि प्राविधिकको बढ्दो मागलाई मध्यनजर गरेर आंगिक क्याम्पसहरू थप्नुपर्ने मुख्य मागसहित संघर्ष गर्दै आएका थिए तर विश्वविद्याय प्रशासनले

... बाँकी पृष्ठ ७ मा

## देशभरि सुकुमबासी बस्ती उठाउने षड्यन्त्र

■ रातो खबर संवाददाता/काठमाडौँ

बर्दियाको मधुवन नपा ५, रत्नबजारमा बसोबास गरिरहेका सुकुमबासी बस्ती उठाउने षड्यन्त्र भएको छ । स्थानीय निर्वाचनमा आएको परिणामका आधारमा माओवादी केन्द्र र कांग्रेसभित्र अन्तरविरोध खडा गरी उक्त षड्यन्त्र भएको पाइएको छ । स्थानीय निर्वाचनमा मधुवन नपामा माओवादी केन्द्रका कृष्ण केसीका नामले चिनिने गणेशबहादुर क्षेत्रीले मेयर जितेका छन् भने उपमेयर पनि माओवादी केन्द्रले नै जितेको छ तर वडा नं. ५ मा प्यानलनै कांग्रेसले जितेको छ । त्यही विषयलाई लिएर उक्त स्थानमा अन्तरविरोध खडा गरी त्यहाँको टाँगिया बस्ती (सुकुम्बासी बस्ती) उठाउने षड्यन्त्र भएको स्रोतले बताएको छ । उक्त सुकुम्बासी बस्तीमा साना ठूला गरी लगभग २०/२५ वटा पसलसमेत रहेका छन् ।

बिहीबार विजुलीको पोल गाड्ने भन्दै बैठक बोलाई उक्त स्थानमा बसोबास गरिरहेका सुकुमबासी जनताहरूलाई थाहै नदिई १७ नं. रत्नबजारको ५ नं. वडाको बस्ती उठाउने र उक्त स्थानमा नपाको वडा कार्यालय बनाउने भन्ने निर्णय गरिएको रहेछ । माओवादी केन्द्रका मेयरले नै उक्त बस्ती उठाउन ३५ दिने अल्टिमेटम जारी गर्दै चिठी काटेको जनाइएको छ । सोही सूचनाको आधारमा नेकपाका बर्दिया इन्चार्ज देवकला अधिकारी, राष्ट्रिय जनस्वयंसेवकका भेरी ब्युरो संयोजक नवीन रानासहित पार्टीका प्रतिनिधिहरू उक्त स्थानमा गई बस्तीका जनतासहित टिकाराम थारुको नेतृत्वमा शुक्रबार मधुवन नपामा ज्ञापनपत्र बुझाइएको छ ।

'कांग्रेस र माकेको अन्तरविरोध खडा गरी नाटकीय ढंगले उक्त बस्तीका बासिन्दालाई विस्थापित गर्ने जुन निर्णय गरिएको छ, त्यो घोर अमानवीय साथै दलाल संसदीय सत्ताको

... बाँकी पृष्ठ ८ मा

## रणनीतिक निर्णय लिँदै नेकपाको बैठक सम्पन्न



■ रातो खबर संवाददाता/काठमाडौँ

साउन ९ गतेदेखि १३ गतेसम्म नेकपाको केन्द्रीय समितिको बैठक काठमाडौं (उपत्यका विशेष ब्युरो) मा सम्पन्न भएको माओवादी सूत्रले जनाएको छ । त्यसअघि स्थायी समिति र राजनीतिक समिति पीबी) का बैठकहरू पनि भएका थिए । चुनावको समीक्षा र भावी रणनीति निर्माणर्थ भएको सो बैठकको सुरुमै सहिद कमरेडहरू धनरूप बटाला र क. सनराइज (चन्द्रबहादुर सिंह) सहित सबै ज्ञात-अज्ञातसहितहरूप्रति श्रद्धाञ्जली अर्पण गरेको थियो । केन्द्रीय सदस्य एटम जिसीका बुबा जसबहादुर बुढा साउन ११ गते दुःखद् निधन भएकोले बैठकले शोक प्रस्ताव पारित गरेको थियो । बैठकले सहिद परिवार र घाइतेलाई राहतस्वरूप आर्थिक सहयोग र श्रद्धाञ्जली सभाहरू देशव्यापी सम्पन्न गर्ने निर्णय लिइएको छ । घाइते र बन्दीहरूलाई अभिनन्दन गर्ने निर्णय पनि लिएको बुझिएको छ ।

बैठकमा पार्टी महासचिव विप्लवले 'चुनाव खारेजीको समीक्षा र आगामी कार्यभार' शीर्षकको राजनीतिक प्रस्ताव प्रस्तुत गर्नुभएको थियो । चार दिनसम्म

... बाँकी पृष्ठ ७ मा

## प्रचण्डसँग विद्रोह गर्न ढिलो गरिएछ

देश/परिवेश

■ चित्रबहादुर आले



ठीक र बेठीकको संघर्षमा हामीले ठीक र सत्यको पक्षमा भूमिका निर्वाह गर्नुपर्छ । त्यसो गरिएन भने संघर्षले सही दिशा लिन सक्दैन । बेठीकका विरुद्ध निर्मम हुन सकिएन भने नयाँ ढंगको पार्टी बनाउन सकिन्न । प्रचण्डसँगको सहकार्यले विकृतिको थुप्रो लाग्दै गयो । अहिले पार्टी बन्दै गएको छ । प्रचण्डसँग विद्रोह गर्न ढिलो भएछ भन्ने लागेको छ । महान् लेनिनले भन्नुभएझैं हरेक काम ठीक समयमा गर्नुपर्ने रहेछ ।

थबाङको पार्टी समितिले चुनाव खारेजीलाई राम्ररी बुझेको रहेनछ । त्यसले महाधिवेशनको भावना र मर्ममाथि क्षति पुऱ्याएको छ । हाम्रो चुनाव खारेजी अभियान संशोधन र नवसंशोधनवादका विरुद्धको संघर्षको निरन्तरता हो । त्यसलाई निरन्तरतामा बुझ्ने समस्या भयो । वर्गसंघर्षमा नातापाता, गाउँ, छिमेक भन्ने प्रश्नले अर्थ राख्दैन । थबाङको घटनाले पार्टीको प्रतिष्ठामा क्षति भएको छ । त्यसमा तललाई मात्र दोष थोपरेर हुँदैन । उचाइको जिम्मा लिने, कमजोरीको जिम्मा अरूलाई दिने गरेर समस्याको समाधान हुन सक्दैन ।

अराजक, अनुशासनहीन, निष्क्रिय मान्छेहरूलाई समयमै हटाएर पार्टीलाई सुदृढ गर्नुपर्छ भन्ने पुष्टि चुनाव खारेजी अभियानमा पनि भएको छ । गम्भीर समस्या भएका व्यक्तिलाई समयमा नै कारबाही गर्नुपर्छ ।

हामीले वैद्य कमरेडलाई नेता पल्टनका लागि छोडेको, विद्रोह गर्नको लागि होइन । क्रान्ति गर्न छोडेको हो । समस्या भएका समिति र व्यक्तिलाई समयमा कारबाही नगर्दा झन् धेरै भ्रमहरू प्रवाहित भए । खुला र स्पष्ट निर्णयहरू हुनुपर्छ । सम्झौतापरस्त समन्वय परस्त भएर पार्टी बनाउन सकिन्न । बेठीकका विरुद्ध नलडेसम्म पार्टी बन्दैन ।

कतिपय स्थान र अवस्थामा हाम्रो कार्यशैली संसदवादी भयो जसका कारण आवश्यक क्षतिहरू भए । गिरफ्तारीहरू कैयौं त सहजै रोक्न वा कम गराउन सकिन्थ्यो । राजा ज्ञानेन्द्रले सत्ता कब्जा गर्ना साथ नेकपा (एकताकेन्द्र मसाल) को नेतृत्व हातमा पुग्यो । नारायणकाजी श्रेष्ठ सम्पर्कविहीन भएर गए । रामसिंह र मैले सात-आठ दिनपछि बल्ल बल्ल भेटेका थियौं । अनुहार हेर्न लायक थियो । त्यति ठूलो दमन नहुँदै मान्छेहरू असोचनिय रूपले

... बाँकी पृष्ठ ७ मा

## सम्पादकीय

# डा. केसीको माग पूरा गर

चिकित्सक डा. गोविन्द केसी दशौं पटक अघिल्लो सोमबारदेखि आमरण अनसनमा छन् । उनको स्वास्थ्य नाजुक बन्दै गएको छ । सरकारले वार्ता टोली गठन गरेको छ । सरकारी वार्ता टोली र केसीका प्रतिनिधिबीच चौथो चरणको वार्ता भए पनि कुनै निष्कर्ष आउन सकेको छैन । डा. केसीका मागहरू संसद् र त्रिभुवन विश्वविद्यालयसँग सम्बन्धित देखिन्छ । त्यसो भएको हुँदा सरकारी वार्ता टोली प्रभावहीन देखिन्छ । सरकारले राजनीतिक प्रतिबद्धता मात्र गर्न सक्छ । तर सरकारले चाहेमा संसदमा भूमिका खेल्न, विधेयक पेस गर्न, पारित गराउन सक्छ । त्रिभुवन विश्व विद्यालयलाई शिक्षा मन्त्रालयमार्फत् निर्देशन दिनसक्छ तर सरकारले जनताको आँखामा छारो हाल्ने काम मात्र गरेको देखिन्छ ।

सरकारी लापरबाही हेर्दा सरकार नै स्वास्थ्य क्षेत्रका माफियाको नियन्त्रणमा परेको आरोप नै पुष्टि हुने खालको छ । होइन भने सरकारले पटक पटक डा. केसीसँग सहमति गर्ने, लागू नगर्ने, सदनमा विधेयक पेस गर्दा सहमति उल्टाउने कार्य किन गरिरहेको छ त ? चौतर्फी प्रश्न उठिरहेको छ । सरकारले त्यसलाई निराकरण गर्न सकिरहेको छैन । डा. केसीको स्वास्थ्यमाथि सरकारले खेलवाड गरिरहेको छ । के सरकार केसीको मृत्यु चाहेको हो ? सरकार 'न रहे बाँस न रहे बाँसुरी' भन्ने उखान चरितार्थ होस् भन्ने चाहन्छ ? होइन भने सरकारले झारा टार्ने होइन कि सार्थक वार्ता गर्नुपर्छ । अन्यथा सरकारले चर्को मूल्य चुकाउनुपर्नेछ । सरकारको समयमै हेक्का रहोस् ।

### लेखकहरूलाई सूचना

१. समसामयिक विषयका लेखरचना Preeti font मा टाइप गरेर ratokhabar@gmail.com मा पठाउनुहोला
२. अन्य सञ्चारमाध्यममा प्रकाशित वा प्रकाशनार्थ पठाएका रचना रातो खबरमा प्रकाशित गरिनेछैन कुनै पुस्तकमा प्रकाशित रचना नपठाउनुहोला
३. १२ देखि १५ सय शब्द नबढाईकन रचना पठाउनु पर्नेछ अन्यथा छाँटकाट गर्न सकिनेछ
४. अप्रकाशित रचना फिर्ता गर्ने प्रावधान छैन
५. प्रकाशित रचनाको राजनीतिक, वैचारिक तथा वैयक्तिक जबाफदेही लेखकमै हुनेछ

**– रातो खबर साप्ताहिक**

# निर्वाचन, समीक्षा र कम्युनिस्ट दृष्टिकोण


अनिल शर्मा

*निरंकुशता भएको वा सत्ताको चरित्रको विषयमा भ्रम रहेको, क्रान्तिकारी आन्दोलन उठानको कुनै सम्भावना नै नभएको अवस्थामा  चुनाव उपयोगको नीति सही हुन सक्थ्यो । आज त्यसप्रकारको स्थिति पनि रहेको छैन । आज चुनाव उपयोग गर्नु भनेको दलाल संसदीय व्यवस्थाको कारिन्दा बन्ने, उपयोग भइने वा उसैको एकाइ बनिने अवस्था हो । त्यसकारण चुनाव उपयोगको नीति गलत छ ।*

राजनीतिक हस्तक्षेप मूल भएका कारण घटनाको आधारमा मूल्यांकन गर्नु सही हुँदैन । यद्यपि घटनाले विचार र रजनीतिको मापन गर्दछ । सबै आलोचनात्मक र क्रान्तिकारी कुरा गर्नेहरू चुनावको अन्तसम्म पुग्दा संसदीय व्यवस्थाको पूरक बन्न पुगे । हामी एक्लै संसदीय व्यस्थाको विरुद्ध उभियौं । कार्ल मार्क्स एक्लै कुनै समय पुँजीवादको विरुद्धमा उभिएझैं हामी दृढतापूर्वक पुँजीवादको विरुद्धमा एक्लै उभियौं ।

नेपालमा गैर-क्रान्तिकारी संस्थाहरूले संकट पैदा गरिरहेको संसदीय दलहरूकै आरोप छ । हामीले राष्ट्रिय संकटको समयमा सर्वहारावर्गीय भूमिका निर्वाह गरेका छौं । चुनाव समाधान होइन, संकट र दमनको सुरुआत हो । चुनावपछि विकृति सुरु भएको छ । सुकमबासी बस्तीहरूमा दमन सुरु गर्न थालेका समाचार आउन थालेका छन् । पोखरा, बर्दिया, धनुषा जताततै दमन सुरु भएका छन् । सरकारको मुख्य सचिव थाहै नदिई विदेशतिर जागिर खान जान्छ । चूडामणि शर्माहरू जेल जान्छन् तर शर्माका हाकिमहरू, रामशरणहरू फुक्काफाल हिंड्छन् । त्यसैले त वामदेव गौतमहरू पार्टीको कुरा होइन, मेरो सोचमा नेपालमा संसदीय व्यवस्था चल्दैन भन्ने गर्छन् । व्यवस्थाका संचालकलाई नै विश्वास छैन ।

हाम्रो राजनीतिक अभियान वैशाखसम्म आक्रामक थियो । सरकारले त्यसपछि बल प्रयोग गर्‍यो । हामीले त्यही स्तरको प्रतिरोध गरेनौं । सरकार घटना घटाओस् भन्ने चाहन्थ्यो । हामीले तयारी नगरी केही घटना घटाएर दमनको वहाना दिने कुरा भएन । त्यसैले हामीले राजनीतिक रूपमा आक्रामक आक्रमण र फौजी रूपमा रक्षात्मक आक्रमणको नीति लियौं । राजनैतिक रूपमा आक्रमण गरेर क्रान्तिकारी धाराको निर्माण र जनमत बनाउने, फौजी रूपमा आफ्नो पङ्क्तिको पूर्ण रक्षासहित आक्रमण गर्ने हाम्रो नीति रहेको थियो ।

हाम्राबीचमा पनि समस्याहरू होलान् तर धनगढीमा भएको घटना (क. सनराइजको सहादत) ले पार्टीमा रहेको बलिदानको भावनालाई प्रकट गरेको छ । पञ्चायती कालमा पार्टी स्वतन्त्रता र अभिव्यक्ति स्वतन्त्रताका लागि चुनाव उपयोग गरिन्थ्यो । निरंकुशता भएको वा सत्ताको चरित्रको विषयमा भ्रम रहेको, क्रान्तिकारी आन्दोलन उठानको कुनै सम्भावना नै नभएको अवस्थामा  चुनाव उपयोगको नीति सही हुन सक्थ्यो । आज त्यसप्रकारको स्थिति पनि रहेको छैन । आज चुनाव उपयोग गर्नु भनेको दलाल संसदीय व्यवस्थाको कारिन्दा बन्ने, उपयोग भइने वा उसैको एकाइ बनिने अवस्था हो । त्यसकारण चुनाव उपयोगको नीति गलत छ ।

चुनावको प्रश्न कार्यनीतिक प्रश्न हो तर यो विशुद्ध कार्यनीतिक प्रश्न होइन । अझ नेपालमा त शान्तिप्रक्रिया नै असफल भएर एक पक्षले मात्र चुनाव गरिरहेको छ । वास्तवमा भन्ने हो भने यो चुनाव शान्तिप्रक्रियाका एक पक्षका विरुद्ध युद्धको घोषणा हो । विश्वका सबै अनुभवहरू हेर्दा युद्धमा सहभागी एउटा पक्षले सम्झौता गर्न नमानेपछि शान्तिप्रक्रिया असफल हुने गरेको छ तर नेपालमा देशभित्र र बाहिरका दलाल पुँजीपति वर्ग र पार्टीभित्रका दलाल तथा आत्मसमर्पणवादी तत्वहरूको गठजोडका कारण शान्ति प्रक्रिया असफल भएको छ । हामीले आत्मसमर्पण गर्न मानेनौं । विश्वभरिका क्रान्तिकारी र प्रगतिशील शक्तिले त्यसलाई अस्वीकार गरिदिए ।

हामीले प्रचण्ड-बाबुराम मण्डलीसँग विद्रोह गर्दा जनयुद्धको निरन्तरता हो भनेका थियौं । अहिले हामीले त्यसलाई समृद्ध गरेर एकीकृत जनक्रान्तिको कार्यदिशा अवलम्बन गरिरहेका छौं । त्यसैले यो चुनाव २०५४ सालको अथवा ज्ञानेन्द्र कालको जस्तै चुनाव हो । क. किरणहरू अहिले पनि नयाँ जनवादी क्रान्ति नै हो भन्दै हुनुहुन्छ तर कार्यदिशा जनयुद्ध नै हो भन्न नसकिने भन्न थालेका छन् । सबै प्रगतिशील शक्तिहरूलाई आफूसँगै लिएर जाने नीति चाहिन्छ । पुरानोले पुग्दैन भन्ने तर नयाँ प्रस्तुत गर्न नसक्ने अकर्मण्य अवस्थामा छन् । चुनावमा भाग लिनु भनेको प्रचण्डसँग विद्रोह गर्नुको औचित्य पुष्टि गर्न नसक्नु हो । बाटो बनेर, टेलिफोनको टावर गाडेर, क्याम्पस बनाएर क्रान्ति रोकिने होइन । बाटो र टेलिफोन त काठमाडौंमा नै धेरै छन् । काठमाडौंमा त्यसो भए क्रान्ति हुँदैन त ? वर्ग अन्तर र टक्करले क्रान्ति आउने हो ।

अमेरिका र मुस्लिम समुदायबीचको संघर्ष स्रोत कब्जा गर्ने र गर्न नदिने बीचको संघर्ष हो । आज आफ्नो स्वार्थसँग टक्कर हुने हरेक शक्ति र देशलाई अमेरिकाले आतंककारी देख्छ । मुस्लिम, कम्युनिस्ट देशभक्त सबै उसका लागि आतंककारी हुने गरेका छन् । कार्ल मार्क्सले कुनै समय "युरोपमा यस्तो पार्टी छ, जसले रिस उठ्नासाथ कम्युनिस्ट भनेर गाली नगरेको होस्?' भन्नुभएको थियो । आज अमेरिकासँग टक्कर हुने हरेकलाई उसले आतंककारी भन्ने, नाकाबन्दी लगाउने गरिरहेको छ । त्यसैले हामीले मालेमालाई अझ दृढतापूर्वक समात्न आवश्यक छ । जनयुद्ध क्रान्तिकारी कार्यदिशा थियो । आज त्यत्तिले मात्र अथवा त्यो तरिकाले मात्र पुग्दैन भन्ने हो । हिटलरलाई सोभियत संघले जनयुद्धकै तरिकाले पराजित गरेको थियो । एंगेल्सले साम्यवाद लेख्न मन थिएन, समाजवाद शब्दले मात्र पर्याप्त भएन । त्यसैले साम्यवाद शब्द प्रयोग गरें भन्नुभएको थियो किनकि त्यसबेला संशोधनवादी तथा बुर्जुवा वर्गले समेत समाजवाद शब्द प्रयोग गर्न थालेका थिए । त्यसैले हामीले क्रान्तिकारी शक्ति र गैर-क्रान्तिकारी शक्तिका बीचको फरकपनलाई स्थापित गर्न केही नयाँ पदावलीहरू प्रयोग गर्न आवश्यक छ । एकीकृत जनक्रान्ति, उत्तर-साम्राज्यवाद, समाजवादी क्रान्ति, भारतीय साम्राज्यवाद पदावलीको प्रयोग त्यही आवश्यकता पूर्तिका लागि प्रयोगमा आएका शब्दहरू हुन् । त्यसप्रकारका शब्दको प्रयोगले सार र रूपको एकत्वलाई प्रतिनिधित्व गर्दछन् । भ्रमहरूलाई चिर्न र समयको संकेतलाई बुझ्न सजिलो हुन्छ । निर्वाचन खोरेजीको समयमा यी बहसहरू झन् घनीभूत भएका थिए ।

चुनाव खारेजी अभियानको प्रारम्भ गत चैत १५ गतदेखि सुरु भएको थियो । प्रशिक्षण, एकीकृत जनजागरण तथा प्रतिरोध अभियान, जनप्रदर्शन, जनसभा, सांस्कृतिक कार्यक्रम, पर्चा पोष्टर वितरण, स्वास्थ्य शिविर, जागरण अभियान, गोष्ठी, अन्तरक्रियालगायतका कार्यक्रमहरू सम्पन्न भएका थिए । जसमा म्याग्दी, चितवन, जनकपुर, वीरगञ्ज र महेन्द्रनगरका सभामा प्रहरी हस्तक्षेप भएको थियो । जहाँ व्यापक प्रतिरोध भए । सहर रणमैदान बन्न गयो जसले बढ्दो



जुझारु प्रवृत्तिको संकेत गर्‍यो । जसमध्ये पोखरा र बुटवलमा व्यापक जनसहभागिता देखियो । नेपालगञ्ज, काठमाडौं र बनेपामा भने कमजोर भए पनि विराटनगर, झापा, दाङ, सुर्खेत, लम्की, बाग्लुङलगायतका स्थानहरूमा सभाहरू सम्पन्न भएका थिए । देशका विभिन्न सहरमा कवि-कलाकारहरूले जागरण अभियानअन्तर्गत कवितागोष्ठी सम्पन्न गरेका थिए । अप्रिल २२ मा भएको अक्टोबर शतवार्षिकी कार्यक्रम र वरिष्ठ ५ जना जनकलाकारलाई गरिएको अभिनन्दन कार्यक्रमले पनि चुनाव खारेजी अभियानमा ऊर्जा थपेकाु थियो ।

पहिलो चरणको निर्वाचनमा नै सरकारले शान्तिपूर्ण प्रदर्शन र अभियानप्रति असहिष्णुतापूर्वक दमनमा उत्रियो; जसले गर्दा जनकारबाहीहरू बाध्यता बन्न गए । नेकपाका केन्द्रीय सदस्य सन्देश पौडेल, नारायण महर्जनसहित ५ सयभन्दा बढी नेता-कार्यकर्ता गिरफ्तार गरिए । पत्रकार, कानुन व्यवसायी, अधिकारकर्मी कसैलाई बाँकी राखिएन । प्रेस काउन्सिलले रातो खबर साप्ताहिकलाई चेतावनी पत्र दिएर सफाईको अधिकारसमेत नदिई कारबाही चलायो । त्यही अवधिमा निर्वाचन आयोगले रातो खबर साप्ताहिकले आचारसंहिता उल्लंघन गरेको भन्दै कारबाही गर्न प्रहरीलाई निर्देशन गर्‍यो । नेकपा, नेकपा (क्रान्तिकारी माओवादी) र सर्वसाधारण गरी ५ सयको गिरफ्तारी, झुट्ठा मुद्दा सामान्य विषय होइन । त्यसक्रममा १ जनाको सहादत र कैयौं घाइते भए । दोस्रो चरणको निर्वाचन प्रक्रिया सुरु नहुँदै सरकारले दमनचक्र सुरु गरिसकेको थियो । बुटवल, बर्दिया, मोरङ, बारा, पर्सालगायतमा महिना अगाडिदेखि नै गिरफ्तारी सुरु गरिएको थियो । पहिलो चरणका मुगु, कालिकोट र मकवानपुरका नमूना कारबाहीलाई दोस्रो चरणमा अझ विस्तार गर्ने रणनीति बनाइएको थियो । त्यसक्रममा केन्द्रीय सदस्यहरू केशबहादुर बाँठा, बन्धु चन्द, सुमन, असलसहित २ सयभन्दा बढी गिरफ्तार भए पनि प्रतिरोध कारबाहीहरू थप आक्रामक रहे । कपिलवस्तुको शिवगढीमा जनताले पक्राउ गर्न गएको प्रहरीका हतियार खोसेर माफी मगाएर छोडे । उता पहिलो चरणमा माल्कोट घटनामा प्रहरीबाट खोसेका हतियार नेपाली सेनालाई बुझाइएको थियो तर दोस्रो चरणमा कालिकोट र मुगुकै स्तरको जनसहभागिता हुन सकेनन् । रोल्पामा सहिदका परिवारले नै मतपेटिकामा आगो लगाएका थिए ।

उद्देश्य र उपलब्धिका दृष्टिले चुनाव खारेजी अभियान सफल रहेको छ । नेकपालाई चुनाव खारेजी अभियानले एउटा गैरसंसदीय धाराका रूपमा स्थापित गरेको छ । चुनावी-ग्रन्थी शल्यक्रियाद्वारा फालिएको क्रान्तिकारी धाराका रूपमा यो स्थापित भएको छ । नेकपा संसदीय घेराभित्रको असन्तुष्टि मात्र होइन भन्ने स्पष्ट भएको छ । यसले ध्रुवीकरणको प्रक्रियालाई अनुकूलता पैदा गरेको छ । क. अटल, क. यज्ञबहादुर डाँगी, खम्बु चन्दलगायतको ध्रुवीकरणले त्यसको प्रारम्भ भइसकेको सूचना दिएको छ । त्यसैगरी, नेकपा एउटा संसदीय व्यवस्थाको विरुद्धमा वैकल्पिक शक्तिको रूपमा स्थापित भएको छ । दोस्रो चरणको निर्वाचनमा आन्तरिक दुर्घटनामा परेर क. सनराइजको सहादत हुन गयो । त्यसले क्षतिका साथै नकारात्मक कोणबाट अर्थात् पार्टीमा बढ्दो बलिदानको भावना र गाम्भीर्यतालाई प्रकट गरायो । चुनाव खारेजी अभियानले जनतामा क्रान्तिकारी संघर्षको छाप राम्ररी पर्न गएको छ । यसलाई क्रान्तिको पूर्वाभ्यास भन्न पनि सकिन्छ । चुनावले क्रान्तिकारी कार्यशैली विकास गर्न जबर्जस्त प्रेरित गरेको छ । त्यसो गर्न नसक्दा ठूल्ठूला क्षतिहरू हुन गएका छन् । यस अवधि कार्यकर्ताको ठूलो पंक्ति सुरक्षाकै लागि भए पनि जनतासम्म पुगेको हुनाले जनसम्बन्ध सुधार गर्न मद्दत भयो । बुद्धिजीवी, अधिकारकर्मी, कानुनविद सबै क्षेत्रले महत्वपूर्ण सहयोग गर्‍यो । यस अवधिमा प्रकाशन र प्रचारको काम उल्लेख्य रहेको छ । नेकपाको साउन ९-१३ सम्म सम्पन्न केन्द्रीय समिति बैठकमा प्रस्तुत एवं पारित दस्तावेज 'चुनाव खारेजीको समीक्षा र आगामी कार्यभार' मा भनिएको छ "चुनाव खारेजी अभियानमा हाम्रो आफ्नै प्रचारप्रसार क्षेत्रको भूमिका प्रभावकारी रह्यो । संघर्षमा सूचना संचार र प्रकाशनको महत्व निकै माथि हुने स्पष्ट नै छ । यो अभियान हामीसँग मात्र बढी केन्द्रित भएकोले पनि प्रचारको महत्व अरू माथि थियो । यसलाई हाम्रो प्रचार प्रसार र सूचना विभागले सशक्त प्रकारले बहन गरेको छ । सूचना केन्द्रित गर्ने, प्रचार गर्ने, भण्डाफोर गर्ने, दृष्टिले रातो खबर प्रकाशनको नेतृत्वमा सबै समर्थक, शुभचिन्तक सूचनाका माध्यमहरूले राम्रो पहल लिए ।" जनताको विचार र सूचना जनसमक्ष पुगेको कारण पूर्वाग्रही सरकारले साउन ७ गते अनिल शर्मा, ध्रुव खड्का र झनक श्रेष्ठलाई कार्यालयबाटै गिरफ्तार गर्‍यो ।

निर्वाचन खारेजी अभियानमा चलिरहेको बेला पार्टीमा माथिदेखि तलसम्म संसदीय चुनावपरस्त प्रवृत्ति पनि जब्बर रूपमा प्रकट भयो । चुनावीग्रन्थीहरू अकल्पनीय रूपमा प्रकट भए । काठमाडौ, रोल्पा, अछाम, गोरखा, भेरीलगायतमा त्यस्ता समस्याहरू देखिए । रोल्पामा संसदीय चुनावपरस्त प्रवृत्ति स्थानीयतावादी र अनुभववादी रुझानेका रूपमा प्रकट भएको थियो । त्यसैगरी आत्मसुरक्षावादी, अकर्मण्यतावादी प्रवृत्ति पनि प्रकट भए ।

पहिलो र दोस्रो चुनाव खारेजीको क्रममा २ जनाको सहादत, आधार दर्जन घाइते, ७ सय गिरफ्तार, सयौंलाई झुठा मुद्दासहित क्रान्तिकारी धार निर्माण भएको छ । निर्वाचनले राज्यको शोषण र दमनकारी चरित्रलाई अझ बढाउनेछ । 'वस्तु र घटनाको विकास सामान्यबाट जटिलतर्फ, न्यूनबाट उच्चतिर' हुने गर्दछ । यसले थुप्रै चुनौतीका साथ अवसरको मार्गप्रसस्त गर्नेछ । त्यसको लागि आफूलाई तयारी अवस्थामा राख्नुपर्ने सूचना चुनाव खारेजी अभियानले दिएको छ ।

# अबको क्रान्तिको नेतृत्व पनि रोल्पाले नै गर्नेछ



**नन्दबहादुर बुढामगर, केन्द्रीय सदस्य – नेकपा**

**नन्दबहादुर बुढा मगर** २०१४ सालमा रोल्पा, दुईखोली गापा-४ (साविक पाछाबाङ-२) मा जन्मिएका हुन् । २०३५ सालमा इरिबाङस्थित बालशिक्षा प्राविमा अध्यापन गराउँदै गर्दा उनी शिक्षक संगठनमा संगठित भएर पञ्चायती व्यवस्था फाल्न क्रियाशील भएका थिए । २०४४ सालदेखि शिक्षण पेशा छोडेर राजनीतिमा लागेका बुढा २०५८ सालमा रोल्पा जनसरकार उपप्रमुख र अनेकि संघ (२००७) का महासचिवसमेत भएका हुन् । २०४७ सालमा कृष्णबहादुर महराबाट पार्टी सदस्यता लिएका बुढा २०४९ सालमा रोल्पामा वर्गसंघर्ष उठाउनेक्रममा प्रहरी हिरासत र जेलसमेत बसे । अहिले नेकपाका केन्द्रीय सदस्य तथा 'नमूना कार्य विभाग' का संयोजक बुढासँग भीम चापागाईंले गर्नुभएको वार्ताको सम्पादित अंश –

***➲ तपाईंहरूको भर्खरै केन्द्रीय समितिको बैठक सम्पन्न भएको रहेछ । के कस्ता निर्णयहरू गर्नुभयो त ?***

हामीले दलाल संसदीय व्यवस्थाको विरुद्ध संघर्ष गरिरहेका छौं । दलाल संसदीय व्यवस्थालाई सुदृढ गर्न हामीले चुनाव खारेजी अभियान संचालन गरेका थियौं । त्यसको समीक्षा पनि गरियो । हाम्रो पार्टी क्रान्तिकारी र गैर-संसदीय धाराका रूपमा स्थापित भएको छ । केही कमजोरी पनि देखिए । बैठकले तीन महिने जनजागरण अभियानसहित भावी योजना निर्माण गरेको छ ।

***➲ चुनाव खारेजी अभियानको समीक्षा गरियो भन्नुभयो । कस्तो रह्यो त मूल्यांकन ?***

नेपालमा संसद्वादी र क्रान्तिकारी कम्युनिस्टहरूका बीचमा ध्रुवीकरण बढिरहेको छ । हामीले क्रान्तिकारी धाराको निर्माण गऱ्यौं । देशभक्त र आम नेपाली जनतालाई नयाँ सन्देश दियौं । संसद्वादी र क्रान्तिकारी शक्तिका बीच ध्रुवीकरण भएको छ । चुनावमा कतिपय स्थानमा संसदीय चुनाव परस्त प्रवृत्ति र आत्मसुरक्षावादी प्रवृत्ति पनि देखियो । मूलतः चुनाव खारेजी अभियान सफल रहेको निष्कर्ष निकालियो ।

***➲ थबाङमा तपाईंको पार्टीले चुनावमा भाग लिएको चर्चा छ नि ? चुनाव खारेजी भने पनि जित्ने ठाउँमा त छोड्नुभएन त ?***

चुनाव खारेजी अभियानको कारण म चुनावको समयमा थबाङमा थिइनँ । पार्टीको निर्णय नमानेका केही चुनावपरस्त व्यक्तिहरूले चुनावमा भाग लिएका हुन् । स्वतन्त्र रूपमा उठेको पार्टीले चुनावमा कसैलाई नउठाएको, कसैको पक्षमा मतदान नगर्ने, मत नमाग्ने गरेको त यहाँलाई थाहै होला, हाम्रो पार्टीलाई बदनाम गराउन चलाइएको हो ।

***➲ स्थानीय समितिले पार्टीको निर्णय नमानेको भए कार्वाही गर्नुहुन्थ्यो होला । त्यसो गरेको पनि देखिएन मिलेमतो गरेको आरोप छ नि ?***

कारबाही उसैबेला गर्ने कि केन्द्रीय समितिको बैठकले गर्ने भन्ने एउटा प्रश्न हो । उनीहरूलाई कारबाही हुन्छ । मिलेमतो भएको भन्ने हल्ला नियोजित छ । त्यो आरोप शतप्रतिशत झुठो छ । पार्टीले देशभरि एउटै नीति लिएको छ ।

***➲ रोल्पाका अन्य स्थानमा पनि चुनावमा भाग लिएको चर्चा छ । के रोल्पा क्रान्तिकारी विरासतबाट विचलित भएको हो ?***

त्यस्तो हुनै सक्दैन । रोल्पामा क्रान्तिको आधार छ । पीडा, आक्रोश, निराशा, अविश्वास, चिन्ता, छटपटीको भयंकर कोलाज रोल्पामा देख्न सकिन्छ । त्यो कोलाज कुनै पनि समय विष्फोट हुन सक्छ । रोल्पाले फेरि पनि क्रान्तिकारी आन्दोलनको नेतृत्व गर्नेछ । सहिद परिवारका सदस्यले नै मतपेटिकामा आगो लगाएका छन् । त्यो आक्रोश भोलि सबै रोल्पालीको आक्रोशमा बदलिने दिन धेरै टाढा छैन ।

***➲ रोल्पामा क्रान्तिकारी आन्दोलनको भविष्य कस्तो देख्नुभएको छ ?***

रोल्पा राष्ट्रवादी चेतना भएको, क्रान्तिकारी कम्युनिस्ट भएको मोहनविक्रम, मोहन वैद्य, बर्मन बुढा, तेजमान घर्तीहरूले निर्माण गरेको जिल्ला हो । रोल्पा पछिल्लो समय जनयुद्धको आधारभूमि पनि हो । त्यसैले रोल्पा दलाल पुँजीपति वर्गको क्रीडास्थल बन्न सक्दैन । त्यसैले रोल्पामा क्रान्तिकारी आन्दोलनको भविष्य उज्ज्वल छ ।

> "रोल्पामा क्रान्तिको आधार छ । पीडा, आक्रोश, निराशा, अविश्वास, चिन्ता, छटपटीको भयंकर कोलाज रोल्पामा देख्न सकिन्छ । त्यो कोलाज कुनै पनि समय विष्फोट हुन सक्छ । रोल्पाले फेरि पनि क्रान्तिकारी आन्दोलनको नेतृत्व गर्नेछ । सहिद परिवारका सदस्यले नै मतपेटिकामा आगो लगाएका छन् । त्यो आक्रोश भोलि सबै रोल्पालीको आक्रोशमा बदलिने दिन धेरै टाढा छैन ।"

***➲ प्रसङ्ग बदलौं, तपाईंले नमूना कार्य विभागको नेतृत्व पनि गरिरहनुभएको छ । के के गर्दै हुनुहुन्छ ?***

पार्टीले मलाई नमूना कार्यको जिम्मा दिएको छ । मैले सो विभागको काम गरिरहेको छु । थबाङमा सहिद स्मृति बहुउद्देश्यीय भवन निर्माण सकिन लागेको छ । देशको कुनै भागमा जनयुद्ध संग्रहालय बनाउने सोच छ । सहिद र जनयुद्धकालमा सेना, प्रहरीले जलाएका घरहरू निर्माण गर्ने योजना पनि छ ।

***➲ तपाईं जनताको सेवाका लागि श्रम गरिरहने नेताका रूपमा धेरैले चिन्छन् । त्यस्तो प्रेरणाको स्रोत के होला ?***

कम्युनिस्टहरूले मानसिक श्रम र शारीरिक श्रमलाई समन्वय गर्नुपर्छ । त्यसलाई मजदुरहरूको बुद्धिजीवीकरण र बुद्धिजीवीहरूको मजदुरकरण पनि भन्न सकिन्छ । म व्यक्तिगत रूपमा श्रमिकजन र श्रमप्रति भित्रैदेखि आस्था राख्छु । वास्तविक कम्युनिस्टको परिचय मैले दिन खोजेको छु । दलाल सरकारले श्रमिकहरूलाई विदेश पलायन गराउने, नेपालमा श्रमलाई बेवास्ता गर्ने गरिरहेको छ । हाम्रो आचरण र व्यवहार गरिब, श्रमिक जनताको जीवनजस्तै श्रममय हुनुपर्छ । त्यसप्रति ममा गर्व छ ।

***➲ श्रमप्रति आस्था नभएका, श्रमिकलाई हेलाहोचो गर्नेहरूप्रति यहाँको धारणा ?***

सबैभन्दा पहिला मुख्य कुरा के हो भन्दा श्रममा लागेकाहरूलाई विश्वास गर्ने, उनीहरूलाई सम्मान गर्ने, आफू पनि जति सकिन्छ सहभागी हुने, समाजलाई ठगेर होइन श्रम गरेर बाँच्ने आदत विकास गराउनु कम्युनिस्ट लक्ष्य हो । मानवजातिको शारीरिक र मानसिक विकास नै श्रमका कारण भएको विज्ञानले पुष्टि गरिसकेको छ । श्रम नगरेको भए मान्छे जङ्गलमै हुन्थ्यो होला । श्रमप्रति आस्था नगर्नु भनेको कम्युनिस्टको खोल ओढेर अर्कै धन्दा गर्नु हो । त्यसरी लक्ष्यमा पुग्न सम्भव छैन । नेकपाले शारीरिक र बौद्धिक वा मानसिक दुवै श्रमलाई आत्मसात गर्ने नीति लिएको छ । नेताहरूले निश्चित समय अनिवार्य शारीरिक श्रम गर्ने नीति लिएको छ । त्यसैले श्रम र श्रमिकजनप्रतिको दृष्टिकोण सर्वहारा वर्गीय बनाउन, रूपान्तरण हुन अनुरोध गर्छ ।

***➲ केन्द्रीय नेता भएर पनि तपाईं थबाङमा सामुदायिक भवन बनाउन जनतासँगै ढुंगा बोकेको देखिन्छ । तपाईंको हातमा ठेला छन् । ढाडको छालसमेत उत्रनेगरी श्रम गर्नु भएछ । तपाईंका तीता अनुभव पनि त होलान् नि ?***

श्रमिक जनतालाई हेप्नेहरूले पीठ पछाडि मेरो कुरा काटेका होलान् तर पार्टी र नेतृत्वले श्रमप्रति सम्मान गर्दै आएको छ । समाजका लुटेरा, फटाहा र दलालहरूले नकारात्मक दृष्टिले हेरेका पनि हुनसक्छन् । त्यस्ता तत्वहरूलाई हामीले धिक्कार्नुपर्छ । तीतो अनुभव नहुने कुरा भएन तर सुखद् अनुभूति नै मुख्य पक्ष हो ।

***➲ रातो खबर साप्ताहिकमार्फत् थप केही भन्न चाहनुहुन्छ कि ?***

जनप्रिय रातो खबर साप्ताहिकले मेरो विचार जनतासमक्ष पुऱ्याउने अवसर दिएकोमा आभारी छु । १० वर्षको जनयुद्धमा महत्वपूर्ण भूमिका खेलेका र शान्तिप्रक्रियामा उत्पीडन र अपमान झेलिरहेका जनताको पीडा, कथा-व्यथा समेटोस् । उनीहरूलाई क्रान्ति र मुक्तिको बाटो देखाओस्, अँध्यारो बाटोमा दियो बालिरहोस् । रातो खबर साप्ताहिकको यो काम कस्तै अवस्थामा पनि नरोकियोस् ।

## चिनियाँ दबाबमा प्रचण्ड

■ रातो खबर संवाददाता/ काठमाडौँ



प्रचण्डमाथि भारतीय प्रभावको चर्चा सर्वत्र सुनिन्छ । तर उनमा चिनियाँहरुको प्रभावबारे खासै चर्चा हुँदैन । प्रचण्डमाथि बाबुराममार्फत भारतीय प्रभाव शुरुदेखि नै पर्दै आएको ठानिन्छ । शान्ति प्रक्रियामा आएपछि चिनियाँहरुले प्रचण्डलाई 'दिल्लीसँग मिलेर काम गर' भन्ने सुझाव दिने गरेका थिए । भारतले दबाव बढाउँदै गर्ने, चीनले भारतसँगै मिलेर काम गर भन्ने भएपछि जनयुद्धमा समस्या भएको थियो । एकजना उच्चतहका माओवादी नेताले सो रहस्य खोलेका छन् । नेकपा (एमाले) त्यही कारणले गर्दा भारतसँग सन्तुष्ट नहुने, टाढा जान पनि नसक्ने अवस्थाबाट गुज्रिरहेको ठानिएको छ । खुस्चोभको अमेरिकासँग सह-अस्तित्वको नीतिले सोभियत संघ विघटन भएझैं देङ स्याओ फङ्को भारतसँग मिलेर जाने, जानुपर्ने नीतिले चीनलाई विघटन गराउने अथवा सोभियत संघ बनाउन सक्ने कतिपयको आकंलन छ ।


प्रकाशित भयो




आफ्नोप्रति सुरक्षित राखौं


## ट्रम्पका सञ्चार प्रमुख बर्खास्त



अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले नियुक्ति गरेको १० दिन नपुग्दै ट्रम्पका सञ्चार प्रमुख एन्टनी स्कारामुचीलाई बरखास्त गरेका छन् । ह्वाइट हाउसका अधिकारीकको तर्फबाट स्कारामुचीले हालै एक पत्रिकालाई दिएको अन्तर्वार्तामा राखेका धारणाहरु राष्ट्रपति ट्रम्पलाई अनुपयुक्त लागेपछि स्कारामुचीलाई बर्खास्त गरेका हुन् । एक जना धनी वित्तीय लगानीकर्ता रहेका स्कारामुचीले केही दिन पहिले पदबाट हटाइएका चिफ अफ स्टाफ राइन्स प्रिबस विरुद्ध अशिष्ट भाषामा आक्रोस पोखेका थिए । राष्ट्रपति ट्रम्पले सामाजिक सञ्जालमा ह्वाइट हाउसका लागि एउटा महत्वपूर्ण दिन भएको बताएका छन् ।

# मध्य–तराईमा सुकुमबासी समस्या



देवनारायण साह

भारतीय साम्राज्यवादी र उसका नेपाली दलालहरूले सुकुमबासीहरूमाथि असाध्यै उत्पीडन गरिरहेका छन् । भारतीय साम्राज्ययावादले नेपालमा उसका दलाल संसदीय व्यवस्थालाई उभ्याएर नेपाली गरिब र सुकुमवासी जनतालाई उत्पीडन गरिरहेको छ । भारतीय शासकले एकआनाको लोभ देखाएर हजारौं आना शोषण गरिरहेको छ । मधेसमा भारतसहित युरोपका दलालहरू पनि देखिन थालेका छन् ।

मधेसी जनताहरू कम्युनिस्ट विचारबाट प्रभावित भएर २०३६/३७ सालमा पञ्चायती व्यवस्था र राजतन्त्रविरुद्ध आन्दोलनमा उत्रिएका थिए । पञ्चायती व्यवस्था र स्थानीय सामन्तका विरुद्ध भएको आन्दोलनमा थुप्रै घाइते भए । कैयौं सहिद भए । काठमाडौंबाट २०४२ सालमा बेपत्ता पारिएका दीलिप चौधरीको अझै अत्तोपत्तो छैन ।

२०४६ सालमा मधेसका जनता नेपाली कांग्रेस र नेकपा (एमाले) को नेतृत्वमा फेरि पञ्चायती व्यवस्थाको विरुद्ध जनआन्दोलनमा उत्रिए । तर जनगणतन्त्रको पक्षमा उत्रेका जनतालाई धोका दिएर संवैधानिक राजतन्त्रसहितको बहुदलीय व्यवस्था स्थापना भयो तर बहुदलीय संसदीय व्यवस्थाले जनताको पक्षमा देशको हितमा काम गर्न सकेनन् । जनतामाथि झन् बढी शोषण भयो । दमन बढ्दै गयो । मधेसका लोकप्रिय नेता रामवृक्ष यादवको हत्या भयो । त्यसकारण मधेसका जनताको हित बहुदलीय व्यवस्थाले गर्न नसक्ने कुरा प्रमाणित हुँदै गयो । मधेसका जनता विकल्पका खोजीमा थिए ।

२०५२ सालमा नेपालमा महान् जनयुद्ध सुरु भयो । असल कम्युनिस्टहरू जनयुद्धको समर्थनमा लागे । धेरैजसो तत्कालीन नेकपा (माओवादी) पार्टीमा सहभागी भए । अन्य पार्टीमा रहेर पनि उनीहरूले जनयुद्धलाई सहयोग र समर्थन गरेका थिए । असल युवाहरू क्रान्तिकारी धारामा लामबद्ध भएर गएका थिए । त्यसक्रममा जनताको तर्फबाट ठूलो बलिदान भयो । धेरै नागरिक सहिद, बेपत्ता, घाइते, अपाङ्ग भएका थिए । बलिदानको उच्च स्थान मधेसका जनताले बनाए । सबैभन्दा धेरै बलिदान रौतहटमा १९० जनाको भयो । सहिद नभएको कुनै गाउँ भएन । त्यसो त २००७ सालयताका हरेक आन्दोलन वर्गसंघर्ष र जनसंघर्षमा मधेसका जनताका बलिदान रहँदै आएको छ । तर २०६४ को शान्ति प्रक्रियायता आत्मसमर्पण र नवसंशोधनका कारण मधेसका जनता रुमल्लिरहेका छन् । जसको फाइदा कांग्रेस एमाले माके र भारतपरस्त मधेसका दलहरूले उठाइरहेका छन् । मधेसी दलहरूको चङ्गुलमा जनतालाई फसाउने षड्यन्त्र भएको छ । मधेसका दलहरूले स्थानीय चुनावको माध्यमबाट सिंहदरबारको अधिकार मधेसी जनतालाई दिने ढोल पिटिरहेका छन् । यो हल्ला जनतालाई फेरि ठग्ने षष्ड्यन्त्रबाहेक अरू केही होइन । त्यसैले नेकपाले त्यसका विरुद्ध जनतालाई जगाउन आइरहेको छ । नेकपा चुनाव खारेज अभियान लिएर जनतामाझ आएको छ ।

मधेसी जनताका बालबच्चाको भविष्य अन्धकार बनाउने कांग्रेस, एमाले, माके र मधेसकेन्द्रित दलहरूलाई मधेसी जनताले छोड्ने छैनन् । प्रतिरोध गर्न तयार छन् । आफ्नो उज्ज्वल भविष्यका लागि दलालहरूका विरुद्ध उनीहरू लड्न तयार हुन्छन् । राष्ट्रिय स्वाधीनताका लागि पनि चुनावलाई खारेज गर्न आवश्यक छ । यो अभियान मधेस र मधेसी जनताको हितमा रहेको छ । राष्ट्रिय स्वाधीनताको पक्षमा रहेको छ ।

धनुषा जिल्लाको भुतही पटेर्वा गाविसमा नरेश पुरीको जग्गा तत्कालीन नेकपा (माओवादी) ले २०६३ सालमा ८० विगाहा कब्जा गरेको थियो । जसमा फुल्गेन महरा, नथुनी दास क्रान्तिलगायत ४ जनाको सहादत भएको थियो । सो जग्गामा जमिनदारले नै घर बसाएको र जग्गा मोहियानी हक समेत थियो तर जग्गा दलालले मोहीयानी हकसमेत खोस्ने षड्यन्त्र गरिरहेका छन् । जोताहा तथा सुकुमबासीलाई दशकौंदेखि बस्दै, आवाद गर्दै आएको जमिनबाट उठाउने षड्यन्त्र भइरहेको छ । घर टहरा भत्काउने धम्की दिएको छ । अब नेकपाको नेतृत्वमा दलालका विरुद्ध देशभरिका सुकमबासी जनता एक भएर उठ्न आवश्यक छ । चुनावपछि बन्ने स्थानीय निकायले जनतालाई झन् उठिबास गराउने कुरा निश्चित छ । भ्रष्टाचार र वेथिति झन् बढेर जानेछ ।

धनुषा जिल्लाको तारापति गाविसको पथरा टोलमा रहेको करिब ६० विगाहा जग्गामा मोही किसानहरू बस्दै आएका छन् । उनीहरूले बर्सेनी कूत पनि बुझाउँदै आएका छन् तर भूमाफियाहरूले जग्गा जबर्जस्ती कब्जामा लिएर बेचेर कमिसन खाने षड्यन्त्र गरिरहेका छन् तर जोताहालाई जमिनबाट बेदखली गर्ने, लखेट्ने कार्य नेकपाका लागि स्वीकार्य हुन सक्दैन । हामी जनताको सम्पत्ति लुट्ने लुटेराहरूलाई दण्डित गर्न वाध्य हुनेछौं । नेकपा (माओवादी)ले कब्जा गरेको जग्गा, राम जानकी मन्दिरको गुठी जग्गा, गुठी संस्थानको जग्गा बेचबिखन तथा निजीकरण गरिएको छ । त्यसप्रकारको अपराध तत्काल रोक्नु हाम्रो पार्टी विशेष अनुरोध गर्दछ । अन्यथा त्यसको कडा प्रतिवाद गरिनेछ ।

# वर्गसंघर्ष र दलित मुक्तिको प्रश्न

विश्वमा अन्येत्र कही नभएको दलित समस्या विशेषतः दक्षिण एसियाकै विशिष्ट समस्या हो । मूलतः यो समस्या भारत र नेपालमा असाध्यै गहिरोसँग जकडिएर जरा गाडेर रहेको छ । वास्तवमा यो समस्या मानव सभ्यताको विकासको क्रममा वर्गीय समजले सिर्जना गरेको हो । मानवसमाजको विकासको एउटा चरणमा मानसिक र शारीरिक श्रम तथा हारजितका आधारमा वर्ग विभाजित श्रम विभाजन हुँदै निजी सम्पत्ति, परिवारको उत्पत्ति र सामाजिक वर्गको उदय सँगसँगै राज्यको पनि उत्पत्ति भएको कूरा इतिहासका तथ्यहरूले स्पष्ट बताउँछ । शारीरिक श्रम गर्ने एकथरी मान्छेहरूलाई तल्लो कोटीमा अलग्गै राख्ने र उनीहरूलाई छुवाछुतसम्मको व्यवहार गर्ने प्रचलन त्यतिबेलाका शासकवर्गले बसाल्यो । यो प्रचलन वर्णाश्रम व्यवस्थाको रूपमा दक्षिण एसियामा मनुले सूत्रबद्ध गरे । मनोवादी सस्कार र संस्कृतिकै उपजको रूपमा यो व्यवहार अहिलेसम्म दक्षिण एसियामा कायमै छ । अर्कोभन्दा बौद्धिक समाजपछि जन्मेका दासस्वामी समाजले जातपात तथा छुवाछुत प्रथा जन्मायो र मनुस्मृतिजस्ता धार्मिक नियम कानुन बनायो भने सामन्तवादी व्यवस्थाले झन कडिकडाउ ढंगले लागू गर्‍यो । नेपालमा पनि मनुवादी संस्कार र संस्कृतिकै उपजका रूपमा दलित समस्या कालान्तरमा प्रवेश गरेको पाइन्छ । हिन्दु धर्ममा आधारित सामन्ती ब्राह्मणवादी राजतन्त्रात्मक व्यवस्थाले आफूलाई थप सुदृढ र व्यवस्थित गर्नेक्रममा वर्णाश्रम व्यवस्थाले मानवसमाजलाई विभिन्न वर्गमा विभाजित गरी सबभन्दा बढी श्रमको काम गर्ने मान्छेहरूलाई 'शुद्र' वर्गमा राखी विस्तारै विभेद र अछुतको व्यवहार गर्न सुरु गरियो र अन्ततः जातपात तथा छुवाछुत प्रथा नै लागू गरिएको इतिहास जगजाहेरै छ ।

नेपाली समाज अझैं पनि हिन्दु वर्णाश्रम व्यवस्थामा आधारित छ, मुक्त हुन सकेको छैन तर इतिहासले सिद्ध गरिसकेको छ कि आदिम समाजमा मानिसहरू जात र कुलमा समान थिए । त्यहाँ मानिस मानिसबीच जातीय तथा वर्गीय 'भेदभाव र छुवाछुत' थिएन । नेपालमा भने प्राचीनकालसम्म जातीय भेदभाव तथा छुवाछुत प्रथा थिएन । लिच्छवीकालको अन्त्यतिरबाट छिटफुट रूपमा प्रवेश गरे पनि मुख्यतः १४ औं शताब्दीमा १४३७ मा काठमाडौंका राजा जयस्थिति मल्लले नै हिन्दु वर्णाश्रम व्यवस्था, जातीय भेदभाव तथा छुवाछुत प्रथालाई विधिवत रूपले संस्थागत ढंगले लागू र विकास गर्ने काम गरेका थिए । त्यसपश्चात हिन्दु सामन्ती ब्राह्मणवादी राज्यव्यवस्थाले जातपात छुवाछुत र सामाजिक विभेद लादेर कला, कौशल र सीपका धनी 'ऐतिहासिक श्रमिक वर्ग' कथित दलित सामुदायलाई राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक र शैक्षिकलगायत जीवनका सबै क्षेत्रहरूमा सुनियोजित ढंगले पछाडि पार्दै बन्चितीकरण समेत गरियो । जो आजसम्म निरन्तर रूपमा २१औं शताब्दीमा पनि जारी छ ।

दलित समस्या हेर्दा सामाजिक, सांस्कृतिक र जातीय जस्तो देखिए पनि सारमा यो सामाजिक, सांस्कृतिक, आर्थिक र राजनीतिकसहितको वर्गीय समस्या नै हो । हामीले बुझ्नुपर्ने कुरा भनेको दलित समस्या वर्गीय समस्याकै भिन्न रूप हो । त्यसैले दलित समस्या सामन्तवाद र राज्यसत्तासँग अभिन्न रूपमा जोडिएको विशिष्टखालको राजनीतिक समस्या भएकोले अझ भनौं दलित समस्या वर्गीय शोषण, उत्पीडनको भिन्न र जारी रूप भएको हुनाले दलित मुक्ति आन्दोलन वर्गीय मुक्ति आन्दोलनकै अभिन्न अंग बनेको स्पष्टै छ । तसर्थ, दलित समस्यालाई मार्क्सवादसम्मत व्याख्या र विश्लेषण गरी द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादका आधारमा समाधान गर्न जरुरी छ । दलित समुदाय ऐतिहासिक सर्वहारावर्गको चरित्र बोकेको आधुनिक सर्वहारा श्रमिकवर्ग' हो । दलित समुदाय आफैँमा जाति नभएर राज्यद्वारा अत्यन्त पछाडि पारिएको विशिष्ट खालको समस्या भोग्दै आएको एक समुदाय हो । भाषा र नश्लको हिसाबले दलित समुदाय आर्यखस मुलकै जाति हो, छुट्टै अर्को जाति होइन । केवल मनोवादी चिन्तन र हिन्दु सामन्तवादी राज्य सत्ताले सिर्जना गरेको एक विशिष्ट समस्या मात्रै हो । राज्यद्वारा नै आर्थिक, राजनीतिक, सामाजिक, सांस्कृतिक र शैक्षिक रूपमा पछाडि पारी जातीय भेदभाव एवं छुवाछुत तथा मानवता विरोधी सामाजिक अपराध र चरम शोषण, उत्पीडन, अन्याय अत्याचार भोग्न बाध्य पारिएको दलित समुदायको समस्या राज्यद्वारा नै विशिष्ट तरिकाले समाधान गर्नु राज्यको पहिलो कर्तव्य हो । त्यसकारण दलित समस्या राज्यकै विशिष्ट समस्या भएकोले राज्यले नै विशिष्ट तरिकाले हल गर्नुपर्दछ तर विडम्बना ! आज मुलुकमा सामन्ती राजतन्त्रको अन्त्य भएर लोकतान्त्रिक गणतन्त्र भनिने व्यवस्थाको स्थापना भएको छ । तर, कथित दलित समुदायले भोग्दै आएको जातीय विभेद तथा छुवाछुत एवं शोषण, उत्पीडन, दमन, उपेक्षा र दलित समस्यामा तात्विक भिन्नता वा खासै फरक भएको छैन । अपितु रूपमा केही भिन्नता देखिएता पनि सारतः भिन्नता अएको छैन । ज्यूँका त्यूँ कायमै छ । यसले के कुराको सावित गरेको छ भने कथित लोकतान्त्रिक गणतन्त्र भनिने पुरानै संसदीय दलाल पुँजीवादी व्यवस्थाले पनि जातीय, वर्गीय, क्षेत्रीय, लैङ्गिक र दलितलगायत सबै खाले समस्याको हल गर्न सक्दैन । कुनै पनि न्याय, समानता र अधिकार स्थापित गर्न सक्दैन भन्ने कुरा राम्रोसँग स्पष्ट भएको छ । साथै त्यसका लागि नयाँ जनवादी वा वैज्ञानिक समाजवादी व्यवस्था नै एक मात्र विकल्प रहेको पुष्टि भएको छ । वैज्ञानिक समाजवादी व्यवस्थाले मात्रै सबै खाले शोषण, उत्पीडन र विभेदको अन्त्य र जनताको अधिकार, समानता र मुक्तिको सुनिश्चत गर्दछ । आजको सन्दर्भमा नेपाल कम्युनिस्ट पार्टीको नेतृत्वमा एकीकृत जनक्रान्तिको माध्यमद्वारा मात्र यो उद्देश्य, लक्ष्य प्राप्त गर्न सकिन्छ ।

दलित समस्या मुख्यतः सामन्तवादी राज्यसत्ताकै उपज हो । यो वर्गीय राज्यसत्ताको उत्पीडनको भिन्न र जारी रूप हो । यो समस्या राज्यको एक विशिष्ट राष्ट्रिय समस्या हो । यसको लामो ऐतिहासिक पृष्ठभूमि रहेको छ । त्यसैले नयाँ जनवादी वा वैज्ञानिक समाजवादी क्रान्तिको एक विशिष्ट समस्या पनि हो । यद्यपि यसलाई सामन्ती, हिन्दु ब्राह्मणवादी, पुँजीवादी, संशोधनवादी र यथास्थितिवादीहरूले विशुद्ध सामाजिक र सांस्कृतिक समस्याको रूपमा मात्रै बुझ्ने वा ग्रहण गर्ने गर्दछन् । परन्तु, दलित समस्या वर्गीय उत्पीडनको समस्या नै हो । यो सामाजिक, सांस्कृतिकसहितको मूलतः राजनीतिक आर्थिकसहितको वर्गीय समस्या नै हो । तथापि वर्गीय मुक्ति आन्दोलन र दलित मुक्ति आन्दोलन एउटै होइन तर द्वन्द्वात्मक सम्बन्ध रहेको छ । दलित समस्या वर्गीय शोषण, उत्पीडनकै भिन्न र जारी रूप भएका हुनाले दलित मुक्ति आन्दोलन वर्गीय मुक्ति आन्दोलनको अभिन्न अंग बनेको स्पष्टै छ । अर्को कुरा दलित मुक्ति आन्दोलन र वर्गीय मुक्ति आन्दोलनको एक अर्काको बीचमा अन्योन्याश्रित सम्बन्ध हुन्छ भन्ने सत्यलाई हामीले भुल्नहुँदैन । तसर्थ वर्गीय मुक्ति आन्दोलनबाट पृथक रहेर दलित मुक्ति आन्दोलन सफल हुँदैन । त्यो सम्भव पनि हुँदैन ।



बाबुराम गजमेर

> नेपालमा हरेक संघर्ष, आन्दोलन र क्रान्तिमा दलित समुदायको अहम् र महत्वपूर्ण भूमिका रहँदै आएको छ । हजारौं दलित समुदायले त्याग, तपस्या र बलिदान गरेको छन् । नेपालको कम्युनिस्ट आन्दोलन (वर्गसंघर्ष ) र दलित मुक्ति आन्दोलनले सात दशक लामो समय पूरा गरे पनि उनीहरूमाथिको जातीय भेदभाव तथा छुवाछुत र शोषण, उत्पीडन रोकिएको छैन । साँचो अर्थमा वर्ग संघर्षले विजय प्राप्त नगरेसम्म दलित समुदायको मुक्ति सम्भव छैन ।

मुख्यतः दलित समस्या वर्गीय समस्याकै एउटा अंग भएको हुनाले यो समस्याको पहिचान गरी मालेमावादसम्मत वर्गीय तरिकाले नै समस्याको समाधान र हल गर्नु नै एक मात्र वैज्ञानिक, वस्तुवादी एवं सही नीति र विधि हुन सक्दछ । सामन्ती, हिन्दु ब्राह्मणवादी, पुँजीवादी, संशोधनवादी, यथास्थितिवादी र सुधारवादी विचार, सिद्धान्त र राजनीतिबाट कदापी दलित समस्याको हल र मुक्ति सम्भव छैन भन्ने यथार्थता दिनको घाम झै छर्लङ्ग भएको छ । संसदवादी राजनीतिक पार्टीहरू र लोकतान्त्रिक गणतन्त्र भनिने संसदीय दलाल पुँजीवादी व्यवस्थाले दलित समुदायलाई केही "सुधार र आरक्षण"का गुलिया आश्वासनहरू, भ्रमहरू दिने र आफ्नो भरपर्दो 'भोटबैंक' बनाउनेसिवाय खासमा अरू केही गर्नै सक्दैनन । यस कुराको राम्रो पुष्टि लोकतान्त्रिक गणतन्त्र भनिने व्यवस्था, नयाँ संविधान र संसदीय पार्टीहरूले गरिसकेका छन् । खास साँचो अर्थमा भन्दा दलित समुदायको मुक्ति क्रान्तिकारी वैज्ञानिक सही विचार, सिद्धान्त र राजनीति एवं क्रान्तिकारी कम्युनिस्ट पार्टी र सर्वहारा श्रमिकवर्गको नेतृत्वमा मात्रै सम्भव हुन्छ । क्रान्तिकारी कम्युनिस्ट पार्टी र कम्युनिस्टहरूले मात्रै दलित समस्याको सही रूपमा पहिचान गर्ने र वास्तविक हल गर्ने सही विचार नीति हुन्छ । नयाँ जनवादी वा वैज्ञानिक समाजवादी व्यवस्थामा मात्रै दलित समुदायको वास्तविक मुक्तिको ढोका खुल्छ । त्यसपश्चात मात्र उनीहरूको सबैखाले अधिकार मुक्ति, न्याय र समानताको सुनिश्चित हुन्छ । राज्यसत्ताका मालिक बन्दछन् । जनवादी गणतन्त्र वा वैज्ञानिक समाजवादी व्यवस्थामा मात्रै दलित समुदायको राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक र शैक्षिक जीवनका हरेक क्षेत्रमा राज्यसत्ताको सम्पूर्ण अंग र निकायहरूमा सम्मानजनक सहभागितासहित विशेषाधिकारको पनि सुनिश्चित हुन्छ ।

लोकतान्त्रिक गणतन्त्र भनेको सारतः पुँजीवादी बुर्जुवा गणतन्त्र हो । यो नयाँ जनगणतन्त्र होइन । नेपालको सन्दर्भमा त झन् यो पुरानै संसदीय व्यवस्था हो । यो झनै दलाल र भ्रष्ट बन्दै गएको छ । कथित लोकतान्त्रिक गणतन्त्र भनिने व्यवस्था पनि खास गरी उत्पीडित, श्रमिक वर्ग, उत्पीडित जाति, क्षेत्र, समुदाय, दलित र महिलाको हक अधिकार, समानता र मुक्ति प्राप्त गर्न सकिने व्यवस्था होइन भन्ने कुराको प्रमाणित र पुष्टि आजसम्म आउँदा भइसकेको छ । नेपालमा मात्र होइन भारतमा विगत लामो समयदेखि गणतान्त्रिक व्यवस्था छ, तर पनि करौडौं दलित समुदाय अझै पनि चौतर्फी रूपमा चरम शोषण, दमन, उत्पीडन र अन्याय अत्याचार एवं अमानवीय जातीय विभेद तथा छुवाछुतको व्यवहार भोगिरहेका छन् । अन्य उत्पीडन वर्ग, जाति र क्षेत्रको पनि समस्या त्यतिकै छ, अधिकार पाएको स्थिति छैन ।

नेपालमा सामन्ती राजतन्त्रको अन्त्य भए पनि परम्परागत सामन्ती संस्कार संस्कृति, ब्राह्मणवादी चिन्तन, प्रवृत्ति, र सामन्तवादको अन्त्य भएको छैन तर अब सामन्ती ब्राह्मणवादी, चिन्तन प्रवृत्ति, शोषण, दमन, उत्पीडन र सामाजिक विभेद विगतकै रूपमा होइन, नयाँ पुँजीवादी भेष र रूप धारण गरेर दलित, महिला र उत्पीडित श्रमिक जनताहरूमाथि थोपरिन आउने छ, आएको छ । अहिले पनि उत्पीडित श्रमिक वर्ग मुख्यतः दलित र महिला समुदायलाई राजनीति, आर्थिक, सामाजिक, सांस्कृतिक र शैक्षिकलगायत राज्यका सबै क्षेत्र र निकायहरूमा पछाडि नै पारिएको अवस्था छ । अमानवीय जातीय विभेद तथा छुवाछुत र उनीहरूलाई हेला होचो गर्ने संस्कार, प्रवृत्ति जस्ताको तस्तै छ । रूपमा मात्र केही फरक जस्तो देखिए पनि सारमा उही हिजोकै पुरानै व्यवहार छ ।

दलित महिला र मुस्लिम समुदायको सवालमा राज्यसत्ताका विभिन्न क्षेत्र र अंगहरूमा विशेषाधिकारसहित उनीहरूको सम्मानजनक प्रतिनिधित्व गर्ने कुरा नै आजको सन्दर्भमा वैज्ञानिक, व्यवहारिक र सही हुन्छ । भौगोलिक वा गैरभौगोलिक सङ्घीयता सम्भव र व्यावहारिक दुवै हुँदैन । किन भने नेपालमा करिब ५० लाख दलित समुदायको आफ्नै छुट्टै भूगोल, भाषा, संस्कृति र सघन बसोबासको क्षेत्र छैन तर हामीलाई थाहा छ, पूर्व-पश्चिम गरी २०/२१ वटा जिल्लाहरूमा अलग अलग समुदायका हिसाबले हेर्दा दलित समुदायको सापेक्षित बहुमतको स्थिति छ । सयौं गाविसहरूमा बहुमत नै छ । ती ठाउँहरूमा दलित समुदायको स्वायत्तता हुन्छ वा हुँदैन यी विषयहरूमा गहण छलफल, बहस र अन्तरक्रिया गर्नुपर्ने आवश्यकता देखिन्छ । दलित समस्या मूलतः वर्गीय समस्याकै भिन्न रूप भएकाले जबसम्म समाजमा वर्गहरूको अन्त्य हुँदैन, मान्छेले मान्छेमाथि गर्ने सबैखाले शोषण, दमन, उत्पीडन र विभेदको अन्त्य हुँदैन, तबसम्म पूर्णरूपमा दलित समुदायको समस्याको समाधान र मुक्ति हुन सक्दैन भन्ने कुरा हामी सबैले पहिले गम्भीरताका साथ बुझ्न जरुरी छ । साथै सामन्ती ब्राह्मणवादी राज्यसत्ताले सुनियोजित ढंगले राज्यका सबैभन्दा श्रमिक कथित दलित समुदायलाई राज्यसत्ताका सम्पूर्ण क्षेत्रमा संवैधानिक रूपमै अधिकारको ग्यारेन्टी गर्ने वैज्ञानिक समाजवादी व्यवस्था स्थापना हुनुपर्दछ । हालको कथित लोकतान्त्रिक गणतन्त्र भनिने संसदीय दलाल पुँजीवादी व्यवस्थामा दलित समुदायको सम्पूर्ण अधिकार प्राप्त गर्ने कुनै पनि सम्भावना छैन ।

नेपालका बहुसंख्याक दलित समुदाय विपन्न गरिब र सुकुमबासी भएकाले क्रान्तिकारी भूमिसुधार लागू गरी बिना मुआब्जा निःशुल्क जग्गा वितरण गरेर गास, बासको व्यवस्था गरिनुपर्दछ । प्राथामिक तहदेखि उच्च शिक्षासम्म छात्रवृत्तिसहित निशुल्क शिक्षा, स्वास्थ्य र रोजगारीको व्यवस्थाको ग्यारेन्टी हुनुपर्दछ । राज्यले संविधानमा जातीय भेदभाव तथा छुवाछुतलाई राज्य र मानवताविरुद्धको जघन्य सामाजिक अपराधको रूपमा किटान गरी सोहीअनुसारको दण्ड, सजाय र कारवाहीको व्यवस्था हुनुपर्दछ । राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृति र शैक्षिकलगायत जीवनका सबै क्षेत्रमा ऐतिहासिक उत्पीडनको क्षतिपूर्तिको सिद्धान्त स्वीकार गरी विशेषाधिकारको नीति र विधि राज्यले लागू र सुनिश्चि गर्नुपर्दछ तर यी सबै अधिकार र व्यवस्था नयाँ जनवादी वा वैज्ञानिक समाजवादी व्यवस्थामा मात्रै सम्भव हुन्छ भन्ने कुरा राम्रोसाँग बुझ्न पर्दछ ।

नेपालमा हरेक संघर्ष, आन्दोलन

... बाँकी पृष्ठ ७ मा

# चिनियाँ सपना : शान्तिपूर्ण उदयको निरन्तरता

**चीन-फ्रान्स कूटनैतिक सम्बन्ध स्थापना भएको ५० औं वार्षिकोत्सव मनाउन पेइचिङ रिभ्युले फ्रान्सका भूतपूर्व प्रधानमन्त्री र फ्रान्सेली राज्यसभाका वर्तमान उपाध्यक्ष जिन-पिएरे राफारिन (Jean Pierre Raffarin) सँग विशेष अन्तर्वार्ता लिएको थियो। धेरै वर्षसम्म दुई देशबीच राफरिन महत्वपूर्ण सेतु थिए। उनीसँग लिइएको अन्तर्वार्ता प्रस्तुत छ -**

*पेइचिङ रिभ्यु : दुई देशले कूटनैतिक सम्बन्ध स्थापनाको ५० औं वार्षिकोत्सव मनाइरहेको यस घडीमा चिनियाँ-फ्रान्सेली सम्बन्धबारे तपाईंको समग्र विचार के हो, बताइदिनुहुन्छ कि ?*

**जिन पिएरे राफरिन** : चीन र फ्रान्सबीचको सम्बन्ध उत्कृष्ट छ। हालसालै औपचारिक भ्रमणहरू वास्तविक सफलताहरू हुन् र हाम्रो रणनीतिक साझेदारी बलियो छ। हामीले हाम्रो आर्थिक आदान-प्रदानलाई राजनीतिक सम्बन्धको तहमै राख्नु उपयुक्त हुन्छ। यो हाम्रो साझा भविष्यको लागि प्राथमिकताको विषय हो। यस वर्षमा भइरहेको ४ सय वटा मित्रवत् आयोजनाहरूले यसमा योगदान पुऱ्याउनेछन्।

*पेइचिङ रिभ्यु : राष्ट्रपति भालेरी जिस्कार्ड दे स्तातँको प्रतिनिधि मण्डलको एक सदस्यको रूपमा १९७६ मा तपाईंले चीनको पहिलो भ्रमण गर्नुभएको थियो। त्यसबेला तपाईंको कार्य के थियो ? चीनबारे तपाईंको पहिलो प्रभाव कस्तो थियो ?*

**जिन पिएरे राफरिन** : १९७१ मा हङकङ र मकाउमा म पहिल्यै गइसकेको थिएँ। हामीले टाढाबाट चीनको मुख्य भूमिको अवलोकन गर्दै थियौं। यो चित्ताकर्षक र रहस्यमय थियो। मैले पहिल्यै यस क्षेत्रका महान् चिनियाँ जनताको प्रभावबारे जानकारी लिँदै थिएँ। त्यसपछि मैले चीनको उत्तर पूर्वी सहर हा आर पीन (Harbin) बाट कुआङचऊ (Guanghou) भ्रमण गरी चीनलाई छिचोलें। गाह्रो अवधि थियो। यद्यपि चीनले भोगिरहेको परीक्षाबाट टाढा रहेर चिनियाँहरूको प्राचीन र मनमोहक सभ्यतालाई फ्रान्सले प्रेम गर्थ्यो भन्ने कुरा बताउनलाई हामी आएका थियौं। चिनियाँ जनतासँग व्यवहार गर्दा मैले सजिलो अनुभव गरें। हामीबीच सबै कुरा हुँदाहुँदै पनि मैले कहिल्यै नओइलाउने विकटताको अनुभूत गरें।

*पेइचिङ रिभ्यु : तपाईंको प्रधानमन्त्रीत्वकालमा चीन र फ्रान्सबीच अनुकूल राजनीतिक सन्दर्भमा आर्थिक र सांस्कृतिक सम्बन्ध छिटछिटो विकास भयो। कुन घटनाले तपाईंलाई विशेष प्रभाव पाऱ्यो ?*

**जिन पिएरे राफरिन** : मलाई विशेष रूपले सन् २००५ मा भएको सांस्कृतिक आदानप्रदान वर्षको सम्झना छ। हाम्रा दुई देशका जनताबीचको मित्रता त्यसले ठूलो योगदान गऱ्यो। नीलो, सेतो र रातो रंगमा रातो आइफिल टावर शाङघाई टीभी टावरको दृष्यलाई मैले कहिल्यै भुल्न सक्दिनँ। थिएन चीन (Tianjin) मा विशालकाय वायुयान उद्योग स्थापना मेरो लागि ठूलो क्षण थियो। राष्ट्पति हुले होटल मातिगोन प्रधानमन्त्रीको निवासमा गर्नुभएको विशिष्ट भ्रमणको मलाई गाढा सम्झना छ। भूकम्पपछि सिचुआनका जनताले देखाएको साहस म बरोबर सम्झन्छु।

*पेइचिङ रिभ्यु : २००८ र २००९ को बीच द्वीपक्षीय सम्बन्ध बिग्रँदा फ्रान्सेली र चिनियाँहरूबीच विभिन्न जानकारी आदानप्रदान गर्ने सबैभन्दा महत्वपूर्ण व्यक्ति तपाईं हुनुहुन्थ्यो। त्यसबेला तपाईंको भूमिकालाई के कसरी मूल्यांकन गर्नुहुन्छ ?*

**जिन पिएरे राफरिन** ? इमानदार भएर चिनियाँ अधिकारीहरूसँग प्रत्यक्ष सम्पर्कमा हुनु नै सबैभन्दा राम्रो उपाय भएको कुरा मैले अनुभवबाट सिकेको थिएँ। वार्ता धेरैजसो प्रत्यक्ष हुनुपर्छ, तसर्थ हामीले के कुरा बुझ्नु आवश्यक छ भने हाम्रो घरेलु विवादमा चिनियाँहरू अल्झिन चाहँदैनन्। यो आधुनिक विश्वमा चीनमा रहुञ्जेल मित्र र युरोपमा फर्केपछि शत्रु बन्ने काम सम्भव छैन। तसर्थ, पश्चिमेली सञ्चार माध्यमबाट पश्चिमले चीनलाई पश्चिमेली पाठ सिकाउँदा चिनियाँहरूले यसलाई महत्व दिँदैनन्। विश्वासको छनोटलाई कायमै राख्न कोही मध्यस्थकर्ताबिना नै म प्रत्यक्ष वार्ताको पक्षमा थिएँ। आपसी सम्मान निर्माण गर्न हामीले (प्रधानमन्त्री) लि खछ्याङसँग राम्ररी काम गऱ्यौं।



*पेइचिङ रिभ्यु : सिराक (Chirac) त चिनियाँ काँसको कारखाना देखेर भावविभोर हुनुभयो र तपाईं चिनियाँ साहित्य र कवितामा चाख राख्नुहुन्छ। तपाईं कुन प्राचीन वर्तमान लेखक र कविहरूलाई सबैभन्दा बढी मन पराउनुहुन्छ ?*

**जिन पिएरे राफरिन** : मलाई त साँच्ची नै थाङ्ग वंशका (६१८-९०७) प्रसिद्ध कविहरू तु.फु. (Du Fu), पाइ च्युई (Bai Juyi), लि पाई (Li Bai) र मङ्ग हाओआन (Meng Haoran) मन पर्छ। मलाई आधुनिक कविता पनि मन पर्छ, उदाहरणको लागि मेरा मित्र लि चाओसिङ (Li Zhaoxing) को कविता। म फान चङ्ग (Fam Zeng) का चित्रहरू र फान यिफु (Fan Yifu) ले बनाएका पहाड पर्वतका चित्रहरू र लि सिन (Li xin) ले कोरेका चित्रहरू मन पराउँछु। चीनमा छक्क पार्ने असंख्य वस्तुहरू छन्। चीनका संग्रहालयहरू अद्भूत छन्।

*पेइचिङ रिभ्यु : चीनबारे अध्ययन अध्यापन गराउने पूर्ण विश्वविद्यालयसरहको प्रशिक्षण केन्द्र स्थापना गर्ने पहिलो पश्चिमेली मुलुक फ्रान्स नै थियो। अन्य देशहरूसँग तुलना गर्दा फ्रान्सको चीनबारे अध्ययन अध्यापनका सबल पक्षहरू र फाइदाहरू के के देख्नुभएको छ ? हाम्रा दुई मुलुकहरूबीच विभिन्न क्षेत्रमा हुने आदन प्रदान र सहकारी तहमा गरिने निर्णयहरूमा फ्रान्सेली चीनविद्हरूले के कस्ता भूमिका खेले ?*

**जिन पिएरे राफरिन** : फ्रान्कोइस जुलिएनजस्ता बुद्धिजीवीहरूले प्रदर्शन गरेका प्राचीन र गम्भीर चिनियाँ विचारले २१औं शताब्दिको विश्वले सामना गर्ने वास्तविकतालाई अझ राम्ररी बुझ्न सहयोग पुऱ्याउनेछ। एड्गर मोरिन (Edgar Morin) जस्ता विचारकले प्रस्ताव गरेको 'जटिल विचार' चिनियाँ चरम सम्मोहित हाम्रो पश्चिमी समाजमा हामीलाई जिउन मद्दत पुऱ्यायो। थुप्रै समाजमा मेलमिलापपूर्वक बस्ने इच्छा आकांक्षामा वृद्धि गऱ्यो।

चीनले हामीलाई 'सत्य' भन्ने शब्द बहुवचनमा लेख्न सिकायो भने हामीलाई एक वचनमा लेख्ने बानी परिसकेको थियो।

*पेइचिङ रिभ्यु : चीनसँग कूटनैतिक सम्बन्ध स्थापना गर्ने पहिलो प्रमुख पश्चिमेली शक्ति फ्रान्स नै थियो, यद्यपि हाम्रा दुई मुलुकहरूबीच सम्भावना भएअनुसार आर्थिक र वाणिज्य क्षेत्रमा जति बढी आदान-प्रदान हुनसक्ने हो त्यति भएको छैन। हामीले के कसरी हाम्रा दुई मुलुकबीचको परिपूरक प्रकृतिलाई बल प्रदान गर्न सक्छौं भविष्यका सम्भावनाहरू के के छन् ?*

**जिन पिएरे राफरिन** : आदान-प्रदानमा सन्तुलन कायमै राख्ने राम्रो उपाय भनेको हामीले फ्रान्समा बढी भन्दा बढी चिनियाँ लगानीलाई आकर्षित गर्नु हो। फ्रान्स-चीन समितिको चिनियाँ मञ्चको अध्यक्षको हैसियतमा मैले यस क्षेत्रमा धेरै काम गरेको छु। कृषि, ऊर्जा, स्वास्थ्य र स्थिर सहरहरू जस्ता क्षेत्रहरूमा आपसी हितका धेरै राम्रा राम्रा सम्भावनाहरू छन्। हामीले हाम्रो आर्थिक सहयोग SMEs (साना र मध्यमखालका व्यवसायहरू) को भूमिकालाई विकास गर्न गराउन प्रयत्न गर्नुपर्छ। त्यसैले हाम्रा दुई मुलुकहरूबाट १००० वटा कम्पनीहरूलाई ल्याएर सन् २०१४ अक्टोबरमा हामीले छुङतु (Chengdu) मा पश्चिमेली मेला संरचनाअन्तर्गत फ्रान्को चिनियाँ SME शिखर सम्मेलनको आयोजना गर्नेछौं। यसो हुनु नै कुटनैतिक सम्बन्धको ५० वर्षको उत्सव मनाउँदा आर्थिक रूपे सबैभन्दा उपलब्धीमूलक समय हुनेछ।

*पेइचिङ रिभ्यु : के प्रतिवेदन दिइएको छ भने फ्रान्स चीनसँग मुद्रा विनिमय सहमतिमा प्रवेश गर्न चाहिरहेको छ। यसबाट लण्डनसँग प्रतिष्पर्धा गर्नसक्ने गरी समुद्रपारीको केन्द्र बन्नेछ। चीनको विशेष मुद्रा (Renminbi) व्यापार क्षमता उकासिनेछ। यो सहमति कहिले हुन्छ होला ? यसबारे तपाईंको के विचार छ ?*

**जिन पिएरे राफरिन** : यो सर्वश्रेष्ठ अगुवाई हो। हामीले यसमा निकै गम्भीरतापूर्वक काम गरिरहेका छौं। पेरिसमा पहिल्यै स्थापना भइसकेको चिनियाँ बैंकले केही रुचिकर सल्लाहरू दिएको छ। ५० औं वार्षिकोत्सवमा बाहिर आउने र राम्रा राम्रा पक्षहरू मध्ये यो पनि एउटा हुने कुरामा म आशावादी छु।

*पेचिइचिङ रिभ्यु : नयाँ नेतृत्वले अघि सारेको "चिनियाँ सपना" को धारणालाई तपाईंले कसरी बुझ्नुहुन्छ ?*

**जिन पिएरे राफरिन** : यो नयाँ चिनियाँ सरकारले अघि सारेको महत्वाकांक्षा हो। हाम्रो लागि यो 'सुधार र खुलापन' को खोज हो र यसैबेला चीनमा 'नागरिक समाज' को प्रादुर्भावबारे ध्यान पुऱ्याइनेछ। राष्ट्पति सि जिङपिङ (Xi Jinping) को समुपस्थितिमा बोआओ मञ्च (Boao Forum) भेलामा 'समावेशी वृद्धि' को विचारबारे छलफल गरेको योजनालाई मैले देखेको छु।

*पेइचिङ रिभ्यु : यस अवधारणालाई फ्रान्समा कसरी प्रस्तुत गरिएको छ ?*

**जिन पिएरे राफरिन** : भावुक मुलुकहरूमा सपनाहरू शक्तिशाली विचारधारा हुने गर्छ। चिनियाँ राजनीतिमा एकताको बलियो मूल्य हुने कुरालाई हामीले राम्ररी बुझ्छौं। तसर्थ जनतालाई एकत्र गर्ने धारणाको रूपमा एउटा दूरदृष्टिलाई अघि सार्नु आवश्यक छ। चिनियाँ सपनालाई फ्रान्समा राम्ररी ग्रहण गरिएको छ किनभने यो कुनै आक्रामक महत्वाकांक्षा नभएको (कानुनसम्मत) न्यायसंगत छ। चिनियाँ सपना र चिनियाँ जनतालाई प्रिय लाग्ने 'शान्तिपूर्ण उदय' को धारणा माझमा निश्चय पनि निरन्तरता छ।

*पेइचिङ रिभ्यु : सन् २००९ मा तपाईंले धधधा षभलनाअक मा एउटा चिनियाँ ब्लग सुरु गर्नुभएको थियो। तपाईंले चिनियाँ इन्टरनेट प्रयोगकर्ताहरूलाई प्रत्यक्ष रूपले सम्पर्क राख्न वेइपो (Weibo) को प्रयोग पनि गर्नुभयो। यो एकाउन्ट खोल्न तपाईंलाई कैले प्रोत्साहित गऱ्यो ? तपाईंले हामीलाई बताउन सक्नुहुने त्यस्तो कुनै चाखलाग्दो प्रसङ्ग छ कि ?*

**जिन पिएरे राफरिन** : म चिनियाँ समाजलाई धेरै ध्यान दिन्छु। चीनले भविष्यमा यस संसारलाई ठूलो प्रभाव पार्नेछ। फ्रान्समा युवाहरूलाई तिनीहरूको भविष्य एसियासँग बाँड्नुपर्छ भनी मैले व्याख्या गर्न कोसिस गर्दैछु। जस्तो कि मेरो पुस्ताको जीवन अमेरिकाको एउटा हिस्सा रहेको थियो। इन्टरनेटले चिनियाँ समाजको वास्तविकताको एउटा राम्रो दृश्य प्रदान गर्दछ। म विशेषगरी चिनियाँ इन्टरनेट प्रयोगकर्ताहरूको संवेदनशीलता र शुद्धताको प्रशंसा गर्छु।

*पेइचिङ रिभ्यु : चीनमा तपाईंको कार्य र तपाईंको अनुभवबारे संक्षेपमा बताइदिन सक्नुहुन्छ कि ?*

**जिन पिएरे राफरिन** : मेरो पेशागत जीवनको तृतीयांश व्यापारमा काम गर्दै बित्यो, अर्को तृतियांश क्षेत्रीय र राष्ट्रिय जिम्मेवारीमा (क्षेत्रीय अध्यक्ष र प्रधानमन्त्रीको रूपमा) समर्पण गरें, अन्तिम तृतियांश त धेरैजसो अन्तर्राष्ट्रिय मामला (अन्तर्राष्ट्रिय प्रतिनिधि मण्डल) को जिम्मा लिने राज्यसभाको उपाध्यक्ष, बोआओ दबु (Boao Forum) र फ्रान्स-चीन समितिमा समर्पण गरें।

गत वर्ष मैले चीनको ६ पटक भ्रमण गरें। अहिले म चीनका धेरै क्षेत्रहरूसँग परिचित छु। चिनियाँ भाषा सिक्दै गरेकी मेरी जहानको साथमा एउटा अत्याधुनिक पानी जहाजमा बसेर याङ्त्सी नदीमा घुमें। चीनमा कतिपटक भ्रमण गरें भन्ने कुरा अहिले गन्न म असमर्थ छु। म सधैं अर्को चीन भ्रमणको लागि तयारी गरिरहेको छु।

*पेइचिङ रिभ्यु : चीन र फ्रान्सबीचको जुम्ल्याहा सहरहरूको सम्मानमा केही कुरा भन्नुहुन्छ कि ?*

**जिन पिएरे राफरिन** : म फ्रान्सको पोइतोउचारेनतेस (Poitoucharentes) क्षेत्रको कोग्नाग काउन्टि अध्यक्षमा चुनिंदा मैले कुआङसीस्थित नाननिङ्गमा एउटा सम्बन्ध निर्माण गरें। यो सम्बन्ध निकै आशालाग्दो थियो। त्यसबेला धेरै राम्ररी काम गरिरहेका फ्रान्सेली र चिनियाँ सहरहरूबीच केही सम्बन्धहरू थिए। एकआपसमा सहयोग गर्ने यो एउटा राम्रो उपाय हो। चिनियाँ र फ्रान्सेली नगरप्रमुखहरूको वार्षिक गोलमेच वार्ता लिले (Lille) मा यही वसन्त ऋतुमा हुनेछ। विकेन्द्रित साझेदारी आपसी सहयोगको आधुनिक एउटा रूप हो।


The Chinese Dream :
A continuation of the peaceful Rise
BEIJING BEVIEW
13 Feb 2014

# विश्वनेताका सांस्कृतिक चिन्तन

## पदार्थ, चेतना र प्रतिबिम्बन

**– कार्ल मार्क्स, फ्रेड्रिक एङ्गेल्स**

१. आफ्नो जीवनको सामाजिक उत्पादन गतिविधिमा मान्छे यस्तो खास सम्बन्धमा बाधिन्छ, जुन अपरिहार्य र मान्छेको चाहनाभन्दा स्वतन्त्र हुन्छ । उत्पादन-सम्बन्धको यो



पक्ष उत्पादनको भौतिक शक्तिको विकासको एउटा निश्चित तहअनुरूप हुने गर्दछ । यस्तो उत्पादन-सम्बन्धको पूर्ण योग नै समाजको आर्थिक ढाँचा हो । यो असली आधार हो, जसमाथि कानुनी, राजनीतिक माथिल्लो ढाँचा (उपरीसंरचना) उभिएको हुन्छ र यसैअनुरूप सामाजिक चेतनाको निश्चित रूप निर्माण हुने गर्दछ । भौतिक जीवनको उत्पादन प्रणालीले जीवनको समग्र सामाजिक, राजनीतिक र बौद्धिक प्रक्रियालाई निर्धारण गर्दछ । मान्छेको चेतनाले उसको अस्तित्वलाई निर्धारण गर्दैन, बरु यसको साटो उसको सामाजिक अस्तित्वले नै उसको चेतनालाई निर्धारण गर्दछ । आफ्नो विकासको एउटा खास स्थितिमा पुगेर समाजको भौतिक उत्पादन शक्तिहरू तत्कालीन उत्पादन-सम्बन्धहरूसित अर्थात् यसैलाई कानुनी शब्दावलीमा यसो पनि भन्न सकिन्छ- ती सम्पत्ति सम्बन्धहरूसित टकराउँछन् । जसअन्तर्गत त्यस समयमा उनीहरूले काम गर्नुपर्ने हुन्छ । यस्तो सम्बन्ध उत्पादन शक्तिहरूको विकासअनुरूप नरही त्यसका लागि बाधक बन्ने गर्दछन् । अब सुरु हुन्छ, सामाजिक क्रान्तिको युग । आर्थिक आधारमा फेरबदल हुने गर्दछ । यस्तो रूपान्तरणमाथि विचार गर्दा एउटा विभेदलाई हमेसा ध्यानमा राख्नुपर्दछ । एकातिर उत्पादनका साथ निर्धारित गर्न सकिन्छ । अर्कोतिर ती कानुनी, राजनीतिक, धार्मिक, सौन्दर्यबोधात्मक तथा दार्शनिक सङ्क्षिप्तताभन्दा विचारधारात्मक रूप छ, जसमाथि मान्छे यस टक्करप्रति सचेत हुन्छ र त्यससित सङ्घर्ष गर्दछ । कुनै व्यक्तिले आफ्नो बारेमा के सोच्दछ भने कुराबाट हाम्रो उसप्रतिको धारणा निमार्ण हुन्न । त्यसैगरी हामी रूपान्तरणसम्बन्धी त्यस युगको बारेमा स्वयम् त्यस युगको चेतनाको आधारमा नै समाजका उत्पादन-शक्तिहरू र उत्पादन-सम्बन्धहरूको वर्तमान टक्करका आधारमा नै यस किसिमको चेतनाको व्याख्या गरिनुपर्दछ ।

## समाजवाद र धर्म

**– भीआई लेनिन**

धर्म आर्थिक शोषणको एउटा यस्तो रूप हो जसले हरेक ठाउँ अरूका लागि निरन्तर श्रम गर्ने, अभाव र एकाङ्कीपनका कारण पहिलेदेखि संत्रस्त भएका जनसमूहको जीवनलाई अझ धेरै भार थपिदिएको छ । शोषकवर्गका विरुद्धको सङ्घर्षमा शोषितवर्गको अशक्तताले मृत्युपछि सुखद् जीवनको एउटा विश्वासको परिकल्पनाले त्यस्तै स्थितिको बोध गराएको छ जसरी प्रकृति-विरुद्धको सङ्घर्षको क्रममा आदिम जातिहरूको अनभिज्ञताले देउता, दानव, चमत्कार आदि कुरा हो सृष्टि गरिदिएको थियो । मान्छेहरू जो जीवनभर मिहिनेत गरेर पनि अभावै-अभावको जीवन व्यतीत गर्न बाध्य छन्, धर्म, तिनलाई यस लोकमा विनम्र भएर धर्मवान हुन र परलोकमा सुख प्राप्त गर्ने



आशा र सान्त्वनाको उपदेश दिने गर्दछ । परन्तु ती मान्छेहरू, जो अरूको श्रममा मोजमस्ती गर्छन्, धर्म, यस जीवनमा मालिक बनेर दानदक्षिणा दिने उपदेश दिँदै शोषणको रूपमा उसको सम्पूर्ण अस्तित्व र औचित्य सावित गर्ने आधार प्रदान गर्दछ अनि स्वर्गमा आनन्द र सुख प्राप्त गर्ने सस्तो मोलमा टिकट बिक्री गर्ने गर्दछ । धर्म जनताका लागि अफिम हो । धर्म एकप्रकारको आत्मिक मदिरा हो (नशा) हो जसमा पुँजीका दासहरू आफ्नो मानवीय छबि धेरथोर मानवोचित जीवनका भागहरू पनि बगाउने गर्दछन् ।

त्यो दास जो आफ्नो दासत्वप्रति सचेत बनिसकेको छ, आफ्नो मुक्तिको लागि सङ्घर्षमा समाविष्ट भइसकेको छ । ऊ अर्धस्वतन्त्र भइसकेको छ । ठूला-ठूला कलकारखानामा काम गर्दै प्रशिक्षित बनेको आधुनिक वर्ग-चेतनशील मजदुर, सहरी जीवनद्धारा प्रवुद्ध बनेको मजदुर, धार्मिक पाखण्डलाई घृणापूर्वक अस्वीकार गर्दछ र स्वर्गको चिन्ताको कुरालाई पादरीहरू र पुँजीवादी धर्मान्धिहरूलाई छाडेर एउटा सुन्दर जीवनको लागि सङ्घर्षरत रहन्छ । आजको सर्वहारावर्ग यस्तो समाजवादको पक्षधर बन्दछ जसले धर्मको कुहिरो-विरुद्ध विज्ञानको सहारा लिएर यस धर्तीमा सुन्दर जीवनको स्थापनाको सङ्घर्षका लागि वर्तमानका मजदुरहरूलाई एकजुट पार्दै मृत्युपछिको त्यो काल्पनिक विश्वासबाट मुक्त पार्दछ ।

धर्मलाई एउटा निजी मामिला ठान्नु ठीक हुन्छ । समाजवादीहरू प्रायः गरेर धर्मप्रतिको आफ्नो दृष्टिकोण यसै अर्थमा प्रयोग गर्दछन् तर यस भनाइको ठीक-ठीक व्याख्या गरेर मात्र गल्ती र भ्रमबाट बच्न सकिन्छ । अर्थात् यसको सही व्याख्या हुनु जरुरी छ । परन्तु जहाँसम्म हाम्रो पार्टीको कुरा छ, यसलाई हामी कुनै पनि हालतमा व्यक्तिगत मामिला मान्न सक्तैनौं । धर्मसँग राज्यको कुनै पनि सम्बन्ध हुनुहुन्न र धार्मिक सङ्घ-संस्थाको पनि सरकारी सत्तासित कुनै सरोकार हुनुहुन्न । प्रत्येक व्यक्तिलाई पूर्ण स्वतन्त्रता हुनु आवश्यक छ । उसले कुनै धर्म मानोस् अर्थात् नास्तिक नै किन नहोओस् जसरी सामान्य रूपमा एउटा समाजवादी हुने गर्दछ । धार्मिक विश्वासका आधारमा जनताका साथ भेदभाव गर्नु सर्वथा असह्य छ । सरकारी कागजपत्रमा नागरिक र धर्मको प्रसङ्ग बिनाहिचकिचाहट समाप्त पारिदिन आवश्यक छ । चलिरहेका चर्चाहरूलाई कुनै सरकारी सहायता दिनुहुन्न, न त पादरी तथा अन्य धार्मिक सङ्घ-सस्थाहरूलाई राज्यका तर्फबाट कुनै किसिमको भत्ता नै दिनु ठीक हुन्छ । यिनीहरूले सम-विचार अवलम्बन गर्ने नागरिकहरूको पूर्ण रूपमा स्वतन्त्र संस्था बन्नुपर्दछ ।

## नयाँ जनवादको संस्कृति

**– माओ त्से तुङ**

कुनै खास संस्कृति, कुनै खास समाजको राजनीति र अर्थ-व्यवस्थाको विचारधारात्मक प्रतिबिम्बन हो । चीनमा साम्राज्यवादी संस्कृति छ, जुन राजनीतिक र आर्थिक क्षेत्रमा साम्राज्यवादी शासन वा आशिंक शासनको प्रतिबिम्बन हो । साम्राज्यवादीहरूले चीनमा सोझै सञ्चालित सांस्कृतिक सङ्गठनहरूले मात्र होइन, सबै लाज-शरम पचिसकेका थुप्रै चिनियाँहरूले पनि यस संस्कृतिलाई पोस्ने काम गरेका छन् । दास विचारधारा भएका सबै संस्कृति यसै फँटमा पर्दछन् । चीनमा यहाँको अर्धसामन्ती राजनीति र अर्थव्यवस्थालाई



प्रतिबिम्बित गर्ने, अर्धसामन्ती संस्कृति पनि छ र नौलो संस्कृति तथा नौलो विचारहरूको विरोधमा कम्फुसियसको पूजा, उसका धर्मसूत्रहरूको अध्ययन, पुरानो नैतिक आचारसंहिता र पुराना विचारको पुर्पच्छे गर्ने सबै मानिसहरू यस संस्कृतिका धुपौरेहरू हुन् । साम्राज्यवादी संस्कृति र अर्धसामन्ती संस्कृति नजिकका दाजुभाइ हुन् र तिनले चीनको नौलो संस्कृतिले साम्राज्यवादी सांस्कृतिक एकता कायम गरेका छन् । यसखालको प्रतिक्रियावादी संस्कृतिले साम्राज्यवादीहरू र सामन्ती वर्गको सेवा गर्छ, त्यसैले यसलाई नष्ट गर्नुपर्छ । यसलाई नष्ट नगरी कुनै पनि खालका नौलो संस्कृतिको निमार्ण गर्न सकिँदैन । विनास नभई निर्माण हुँदैन, नथुनी प्रवाह हुँदैन र स्थिरता नभई गति हुँदैन । यी दुवै जीवन-मरणको सङ्घर्षमा अल्झिएका छन् ।

नौलो संस्कृतिको हकमा, यो नौलो राजनीति र नौलो अर्थ-व्यवस्थाको विचारधारात्मक प्रतिबिम्ब हो र यसले तिनकै सेवा गर्छ ।

---

यसपटक

# शिक्षामा औद्योगिकीकरण तथा व्यापारीकरणको पराकाष्ठा

चरम नाफामुखी बन्दै गएको शिक्षा नेपालमा औद्योगिकीकरणको मार्ग अवलम्बन गर्दै अघि बढ्दैछ । शैक्षिक उद्देश्य हासिल गर्न दक्ष जनशक्तिलगायत समाज र राष्ट्रलाई आवश्यक शैक्षिक सरोकारका हरेक पक्षहरू उत्पादन गर्ने उद्योग नभएर बजारमुखी, अर्थमुखी, किफाइत केन्द्रित पुँजीवाद तथा बुर्जुवा औद्योगिकीकरणमा परिणत भएको छ । शिक्षामा औद्योगिकीकरणको मतलव लगानी, उत्पादन, बजार , डिस्ट्रीब्युटर, डिलर, सब-डिलर, होलसेल, खुद्रा हुँदै ग्राहकका प्रकृयामा बानी परिसकेको छ । जब कि हरेक मानिसको नैसर्गिक तथा मानवअधिकारको कुरा शिक्षा त्यो ढंगको औद्योगिकीकरणमा परिणत हुँदा कतिसम्म व्यापारीकरण भएको रहेछ भन्ने कुरा लाटोले पनि अड्कल पाउन सक्छ ।

यही औद्योगिकीकरणको सञ्जालको कब्जामा रहेको शिक्षाविद्, विशेषज्ञ, शिक्षक वा प्राज्ञिक तथा बौद्धिक जगत्बाट अपहरित भएको छ । शिक्षाको ठेक्का पत्रकारिताले, उद्योगपतिले, साहु-महाजनले, दलालले, प्रकाशनगृहले, वैदेशिक नेपाली यात्रुले र राजनीति तथा राजनीतिक दलहरूले लिएको छ । शिक्षामा सबैको पहुँच नीतिलाई खिज्याउँदै र व्यङ्ग्य गर्दै संख्याको हिसाबले मुठ्ठीभर र भूगोलको हिसाबले लगभग पाँच प्रतिशतको कब्जामा कैद हुन पुगेको छ शिक्षा । विदेशी स्ट्याण्डर र शैलीका टाईसुटमा सजिएका विदेश पढेका एकाध सहरका आकर्षक कलरका फोटा र युरोप, अमेरिकाका उत्कृष्ट कलेज, स्कुलका जिब्रो बटारेर उच्चारण गर्न पर्ने लोकतान्त्रिक नामसहितका हाईफाई डिजाइनका नगन्य संख्याका भवनहरूका पूरा पन्नाका विज्ञापन छाक टार्न नसक्ने नेपाली जनताले शिक्षा भनेर पढ्न वाध्य छन् । यी मुठ्ठीभर वर्गका जय, विजय गराउने काम पत्रकारिता वा आम-सञ्चार माध्यमले पनि गरेको छ ।

काठमाडौं, पोखरालगायतका नगन्य प्रतिशत शहरी भूगोलमा फस्टाएको शिक्षा तिनै संचार स्रोतमार्फत् मुलुकभर भ्रम छर्न सफल छ र सबै वर्गको मनोविज्ञान कब्जा गरी शिक्षा बिक्री गर्न सफल छ । दश रुपैयाँ तिरेर विभिन्न सूचना लिन किनेको अखबारैभरि शहर केन्द्रित शिक्षाको विज्ञापन जबर्जस्त लादेर अन्य सूचनाको हक अपहरण गर्ने सञ्चार गृहहरू उनीहरूको सहयोगी बन्दै आएका छन् । उद्योगपतिहरूको राम्रो कम्पनी शिक्षा भएको छ । जो न राज्यको नीति नियमभित्र चल्दछ, न त कम्पनी ऐन नै लागू हुन्छ । जसले गर्दा उक्त क्षेत्रको लगानीमा मनपर्दी गर्न मिल्दछ र आयस्रोतको गतिलो स्रोत बन्दछ । त्यसो त दलाल फस्टाउन गतिलो स्रोत समेत बन्यो शिक्षा । आज कलेज, स्कुलको प्रचार-प्रसार गरिदिएवापत, सम्पर्क गराएवापत, विद्यार्थी अभिभावक पट्याइदिएवापत र पर्चा पम्प्लेट छरिदिएवापत राम्रो कमाइ गर्ने गैरप्राज्ञिक दलालहरूको कमाईको स्थायी स्रोतमा परिणत भएको छ शिक्षा । उता प्राज्ञिक जगत्ले विषय विशेषज्ञता वा दक्षताको नाममा एकमुष्ठ मोटो रकमको भरमा जाँदै नजाने र कार्यरत नभएको स्कुल कलेजमा नामको बोर्ड झुण्ड्याउन दिएर दलालको भूमिका निभाउन लाज मानेका छैनन् ।

'शिक्षा' सबै उपरिसंरचना र विकासका पूर्वाधार हरूका सेतु बन्न पर्ने हो । राजनीतिको पनि असल नीतिभित्र पर्नपर्ने हो, तर चीज त्यसो नभएर राजनीतिक संक्रमणकाल नै शैक्षिक विकृतिको मलजल बनेको छ । पुँजीवादको चपेटामा परेको बुर्जुवा शिक्षाको



एच के श्रेष्ठ

**आज कलेज, स्कुलको प्रचार-प्रसार गरिदिएवापत, सम्पर्क गराएवापत, विद्यार्थी अभिभावक पट्याइदिएवापत र पर्चा पम्प्लेट छरिदिएवापत राम्रो कमाइ गर्ने गैरप्राज्ञिक दलालहरुको कमाईको स्थायी स्रोतमा परिणत भएको छ शिक्षा ।**

चरम विकास जस्तो ठानिएको छ । राजनीतिक दल शिक्षाको प्रखर निर्देशक बनेको छ । नीजि शैक्षिक संस्थाहरू राजनीतिक दलहरूलाई मोटो रकम लेवी बुझाएको भरमा मनपर्दो गर्ने लाइसेन्स प्राप्त छन् भने सरकारी सस्थाहरूमा शैक्षिक नियुक्तिमा पुस्तकको ज्ञान समाउने भन्दा दलको झन्डा समाउने र झोला बोक्नेको नाम छनौटमा पर्दछ । यस प्रक्रियामा नियुक्ति पाएका तथाकथित राजनीतिक शिक्षकहरू विद्यालय, क्याम्पस, कक्षाकोठा, विद्यार्थी, शिक्षण सिकाइ प्रक्रियातर्फ भन्दा आ-आफ्नो पार्टीतर्फ बढी जिम्मेवार र लगनशील हुन्छन् । यदि सत्य तथ्य पत्ता लगाउन अनुगमन गर्ने हो भने प्रायः शैक्षिक संस्थाहरू कित परिवार, हाडनाताको समूहको कब्जामा छ । यात एउटा विषय अध्ययन गरेको व्यक्ति अर्के विषय शिक्षक भई पढाइरहेको अवस्था थुप्रै छन् ।

लोकतन्त्रको मन्त्र जपेर बसेको राज्य अमूक साक्षी मात्रै होइन, स्पष्ट नीतिविहीन छ । शिक्षाको आधार हुन्छन् जसअनुरुप सिंगो शिक्षा नीति तयार हुन्छ । सोहीअनुरुप शिक्षा सञ्चालन हुन्छ तर यो मुलुकमा यस्तो छ । मानौं, शिक्षाको आधार नै छैन । पुँजीवाद र बुर्जुवा चिन्तनले आक्रान्त बनेको शिक्षा लोकतान्त्रिक मूल्य मान्यताको शिक्षा बन्ने सवाल विजोग छ । सरकारी नतिजा आधा प्रतिशतभन्दा पनि कम र नीजि क्षेत्रको नतिजा केही बढी प्रतिशत हुने गरेको एसईई परिणामभित्र पनि नीजि स्कुलहरूमा परीक्षामुखी सिकाइ बाह्र महिनामा दुई महिना लाठा लिएर पुरानो प्रश्न घोकाएर नतिजा राम्रो देखाउने परिपाटी आफैँमा घातक छ ।

सामन्ती नोकरशाही प्रवृत्तिसहित अगाडि बढेको शिक्षाले समाजवादीभन्दा व्यक्तिवादी चिन्तन बोकेको पाइन्छ । राज्यसत्ता, राजनीतिक दलहरू, विज्ञापन एजेन्सी, प्रकाशन गृह, सञ्चार गृह, कन्सेसन पार्टी बौद्धिक दास, शैक्षिक दलाल आदि सबैको सहयोगमा फस्टाएको मुठ्ठीभर हुनेखाने वर्ग केन्द्रित शिक्षाले मालिकको बफादार बनाउन व्यस्त देखिन्छ । शिक्षक विद्यार्थी, अभिभावक नै पनि उद्देश्य, नीति सिद्धान्त, आवश्यकताप्रति होइन, शैक्षिक मालिकप्रति इमानदार र बफादार बनाइने वातावरण हावी छ ।

सीमित शहर बजारको पहुँचमा सीमित आधुनिक विज्ञान प्रविधि र नयाँ विषयहरूको विजय देशैभरका समाजको पहुँचभित्रै ठानिएको छ । शैक्षिक क्यालेन्डर चाडवाड भोज मनोरञ्जन, बन्द हड्ताल, विभिन्न आन्दोलनहरूले भरिभराउ छ । पाठ्यभार राजनीतिक गतिविधिमा परिणत छ । शिक्षण-सिकाइ, परीक्षा, मूल्यांकनले परम्परा धानेको छ । सिकाइ तरिका, प्रविधि, टेक्निक, सामग्रीहरू तालिम केन्द्रहरूमा सिर्फ भत्ताको रुपमा सीमित छ । पाठ्यक्रम धन कमाउने स्रोतको भूमिकामा थन्किएको छ । काठमाडौंका संभ्रान्त वर्गलाई कम्प्युटर पढाएर डडेलधुरा, हुम्ला, मुगुलगायत मुलुकैभरिका विकट क्षेत्रको कुरो गरिन्छ । शैक्षिक समाजलाई समाज सेवा होइन पैसा कमाउन प्रेरित गरिन्छ । सिकन र ज्ञान आर्जन गर्न होइन, उच्च डिभिजनको प्रमाणपत्र प्राप्त गर्ने ढंगले घोकन्ते विद्यमा जोड गरिन्छ । सहकार्य सहयोगी होइन, दमनकारी र स्वार्थी हुन अभिप्रेरित गरिन्छ विद्यार्थीहरूलाई । अमेरिकी शिक्षाविद् तथा समीक्षक जोहन हल्टले 'स्कुल इज ब्यान्ड फर चिल्ड्रेन' भनेर आलोचना गरेजस्तै भइसक्यो बुर्जुवा शिक्षाका शैक्षिक स्रोतका संस्थाहरू ।

## आयल निगमको ...

मौनता साँधिरहेका छन् । चार क्षेत्रमा गरी जम्मा ६६ विघा १४ कट्ठा जग्गा खरिद गर्दा करोडौंको ठगी जालसाजी भएको प्रष्ट छ। चुनावको समयमा सबैको ध्यान छल्ने बदनियतसहित चुनावको माचोमा सो जग्गा खरिद भएकोले पनि थप शंका उठेको छ।

सडक डिभिजन कार्यालय काठमाडौंको प्रमुख हुँदा भ्रष्टाचारको आरोपमा बदनाम भएका थिए । बाबुराम भट्टराई नेतृत्वको सरकारले अनियमितता गरेको आरोपसहित कारबाही गरेको थियो। सडक डिभिजन कार्यालयबाट हटाइएका खड्कालाई केही समयपछि पूर्वपञ्च, भूमिगत गिरोहको नामले कुख्यात दिपक बोहोरा आपूर्तिमन्त्री भएको बेला आयल निगमको प्रमुखमा नियुक्त गरिएको थियो । स्मरणीय छ, संसदको सार्वजनिक लेखा समितिले भारतको नाकाबन्दीको समयमा अनियमितता गरेको प्रतिवेदन सदनसमक्ष पेस गरेको थियो । खड्का अख्तियारका पूर्व-प्रमुख लोकमानसिंह कार्कीका निकट नातेदारसमेत हुन् । राप्रपाका नेता दिपक बोहोरामार्फत् दलका नेताहरू र सरोकारवालाहरूलाई प्रभावमा पारेर गोपाल खड्काको भ्रष्टाचार उदाङ्गो हुँदासमेत टालटुल मात्रै भइरहेको देखिन्छ। नेकपाका प्रवक्ता खड्गबहादुर विश्वकर्मा 'प्रकाण्ड' ले राज्य नियन्त्रित आयल निगम डुबाउने भ्रष्टहरूलाई कारबाही नगरे आफ्नो पार्टीले प्रतिरोध गर्न बाध्य हुने बताउनुभएको छ। दलहरू र सरोकारवालाहरूको मौनतालाई भने चौतर्फी आशंकाको दृष्टिले हेरिएको छ।

## प्रचण्डसँग विद्रोह ...

तर्सेका थिए। त्यसप्रकारको आत्म-सुरक्षावाद पनि प्रकट भयो । चुनाव खारेजी अभियानले पार्टीलाई रूपान्तरण गरेको छ। क्रान्तिकारी धार निर्माण गरेको छ। थुप्रै समस्या पनि देखिएका छन् । त्यसैले नयाँ योजनासहित अगाडि बढ्नुको विकल्प छैन।

(साउन ९-१३ मा सम्पन्न केन्द्रीय समिति बैठकमा व्यक्त विचारको सम्पादित अंश, शीर्षक हामीले दिएका हौं - रातो खबर साप्ताहिक)

## वर्ग संघर्ष र ...

क्रान्तिमामा दलित समुदायको अहम र महत्वपूर्ण भूमिका रहँदै आएको छ। हजारौं दलित समुदायले त्याग, तपस्या र बलिदान गरेको छन् । नेपालको कम्युनिस्ट आन्दोलन (वर्गसंघर्ष) र दलित मुक्ति आन्दोलन आन्दोलनले सात दशक लामो समय पूरा गरे पनि उनीहरूमाथीको जातीय भेदभाव तथा छुवाछुत र शोषण, उत्पीडन रोकिएको छैन । साँचो अर्थमा वर्ग संघर्षले विजय प्राप्त नगरेसम्म दलित समुदायको मुक्ति सम्भव छैन । भन्दा वर्गीय मुक्ति सँगसँगै दलित समुदायको मुक्ति एवं सबैखाले शोषण, उत्पीडन र विभेदको अन्त्य सम्भव छ। तथापि तत्कालीन कार्यनीतिक हिसाबले अहिलेको सन्दर्भमा दलित मुक्ति आन्दोलनको मुख्य भूमिका भनेको वर्गीय मुक्ति अन्दोलन तथ जनवादी वा समाजवादी क्रान्ति (एकीकृत जनक्रान्ति) को पूरकको भूमिका पूरा गर्नुपर्दछ। साथै, दलितहरूका बीचमा दरिलो एकता कायम गर्दै दलित राजनीतिक संघ-संगठनहरूका बीचमा साझा प्रस्नमा संयुक्त छलफल, बहस र अन्तरक्रिया गरेर साझा एजेण्डाहरू तयार पारी संयुक्त दलित मोर्चा निर्माण गरी संयुक्त दलित आन्दोलन सशक्त रूपमा अगाडि बढाई आन्दोलनको आँधी-बेहरी श्रृजना गर्न त्यतिकै जरुरी छ तर क्रान्तिकारी कम्युनिस्ट पार्टीको पहलमा वर्गीय मुक्ति आन्दोलनले दलित मुक्ति आन्दोलनको समग्र वैचारिक, राजनीतिक नेतृत्वको भूमिका खेल्नुपर्दछ।

## सस्तो बजार ...

व्यवसाय गरेर आफ्नो जीविका चलाउँदै आएको कुरा सर्वविदितै छ । २१७ जना फुटपाथ व्यापारीहरूले प्रतिव्यक्ति ३/४ लाख लगानी गरी सस्तो बजारलाई अहिलेको अवस्थामा पुऱ्याएका थिए।

२) व्यापारीहरूले गरेको बजार-व्यवस्थापन र बजारको विकास भएपछि राज्य र भ्रष्ट तत्वहरूले टेन्डर प्रणालीको वहानामा व्यापारीहरूबाट सस्तो बजार खोस्ने षड्यन्त्रको रूपमा राजु गोरखालीको बुबा-आमाको नाममा रहेको सूर्य दिल प्रालिलाई ११ लाख मासिक भाडा लिने सर्तमा टेन्डरमा दिए। चर्को भाडादरका र शोषणका विरुद्ध व्यापारीहरूले त्यो अस्वीकार गरे र आन्दोलित भए।

३) टेन्डर प्रथा खारेजी गर्नुपर्ने, बजारको भाडा सिधै नेपाल वायुसेवा निगमलाई बुझाउने व्यवस्था हुनुपर्ने र ठेकदार प्रथाको नाममा व्यापारीमाथिको लुट खारेज गर्नुपर्नेलगायतका माग राखेर व्यापारीहरूले संघर्ष गर्दा जनार्दन गृहप्रशासनले दमन गऱ्यो। दमनमा ५ जना व्यापारीहरू घाइते भए भने ५/६ जना व्यापारीहरू गिरफ्तार गरिए । जसमा शिव खनाल र चन्द्र बहादुर नेपाली १ महिनादेखि अझै थुनामा छन । गृहप्रशासनले बजारको मूल ढोकामा ४ वटा ताल्चा लगाएको एक महिना भइसक्यो। तालाबन्दीले बजारभित्रका कुखुरा कराई-कराई मरे भने फलफूल र तरकारी सडेर गयो । बजार खण्डहरमा परिणत गराइएको छ।

४) सस्तो बजार र त्यहाँका साना व्यापारीहरूका विरुद्धको षड्यन्त्र सरकारका दलाल तथा भ्रष्ट मन्त्री, नेपाल वायुसेवा निगमका एमडी, गृहप्रशासक र ठेकदारको मिलिमगतमा गरिएको कुरा प्रष्ट हुन आउँछ। हाम्रो पार्टी यस कू-कार्य, हस्तक्षेप र दमनको घोर निन्दा एवं भर्त्सना गर्दछ।

५) हाम्रो पार्टी नेपाल कम्युनिस्ट पार्टी पोखरा सस्तो बजारका व्यापारीहरूको जायज माग र त्यसको निम्ति गरिएको संघर्षको जोडदार समर्थन गर्दछ । गृहप्रशासनले व्यापारी र बजारमाथिको हस्तक्षेप तुरुन्त बन्द गरोस्, थुनामा राखिएका व्यापारीद्वय शिव खनाल र चन्द्रबहादुर नेपालीलाई छिट्टै रिहा गरियोस् । लुट र ठगीको कुत्सित उद्देश्यले बजार र साना व्यापारीहरूमाथि लादिएको ठेकदारी एवं टेन्डर प्रथालाई खारेजी गरी व्यापारीले सिधै नेपाल वायुसेवा निगमलाई भाडा बुझाउने व्यवस्था गरियोस् । यथाशक्य बजार र व्यापार-व्यवसाय संचालन हुने वातावरण बनाइयोस् । यदि सरकार र गृहप्रशासनले बजार एवं व्यापारीहरूमाथिको हस्तक्षेप र नेपाल वायुसेवा निगम तथा ठेकदारको लुट रोकेन भने हाम्रो पार्टी साना व्यापारीको पक्षमा कडा संघर्षमा प्रवेश गर्ने विषयसमेत प्रष्ट पार्न चाहन्छ।

# मजदुर प्रशिक्षण कार्यक्रम सम्पन्न

■ **भीमबहादुर खड्का**/चितवन

नेपाल कम्युनिस्ट पार्टी निकट अखिल नेपाल क्रान्तिकारी ट्रेडयुनियन महासंघको राजनीतिक तथा वैचारिक प्रशिक्षण भरतपुर, हाकिमचोकस्थित नमस्ते पार्टी प्यालेसमा आइतबार सम्पन्न भएको छ। उक्त कार्यक्रमको अध्यक्षता महासंघका चितवन संयोजक पुरन राई र प्रमुख अतिथि नेपाल कम्युनिस्ट पार्टीका चितवन जिल्ला इन्चार्ज लालबहादुर वि.सी., व्युरो सदस्य ध्रुव खड्का, ज.व.स. प्रमुख राजकुमार तिमिल्सेना, राष्ट्रिय जनस्वयंसेवकका केन्द्रीय सदस्य रघुवीर शर्मा, जिल्ला अध्यक्ष अटल श्रेष्ठ, इलाका सेक्रेटरी, रणदिप, थारु राष्ट्रिय मुक्ति मोर्चाका केन्द्रीय उपाध्यक्ष बुद्धि चौधरी, अखिल क्रान्तिकारीका चितवन जिल्ला अध्यक्ष प्रेम चौधरीलगायतले कार्यक्रमको आतिथ्यता ग्रहण गरेका थिए । कार्यक्रममा प्रमुख अतिथि वि.सी.ले यतिबेला सबैभन्दा उत्पीडनमा मजदुरहरू रहेको, राज्यले मजदुरहरूका जायज मागहरूलाई सम्बोधन गर्नुको साटो नो वर्क नो पे, हायर एण्ड फायर र आन्दोलन गर्न नपाउने विभेदकारी नीति पारित गरी मजदुरहरूलाई दमन गरेको आरोप लगाउनुभयो। नेपाल कम्युनिस्ट पार्टीले एकीकृत जनक्रान्ति मार्फत् श्रमजीवि मजदुरहरूका अधिकारहरूलाई स्थापित गर्न जस्तोसुकै लडाईं लड्न आफ्नो पार्टी तयार रहेको कुरा राख्नु भयो। कार्यक्रमको सञ्चालक महासंघका उपाध्यक्ष ओम लामिछानेले गर्नुभएको थियो।

## रामपुर कलेजमा ...

शैक्षिक माफिया र दाताहरूको प्रलोभन र प्रभावमा परेर आंगिक क्याम्पस खोल्नुको सट्टा निजी कलेजलाई सम्बन्धन दिन उद्यत भैरहेको आशंका गरिएको थियो। लोकप्रिय रामपुर कलेजलाई ध्वस्त पार्ने, कृषि शिक्षालाई आम नागरिकको पहुँचबाट टाढा पुऱ्याउने कुनियतले सो सम्बन्धनको खेल भैरहेको थियो। सोमबार विद्यार्थी संगठनहरूले कृषि विश्वविद्यालय प्रशासनको ध्यानाकृष्ट गराउन चितवनमा मसाल जुलुस पनि निकालेका थिए । ती सबैलाई बेवास्ता गर्दै उपकुलपति कार्यालयले मंगलबार बोर्ड बैठक बोलाएको र निजी कलेजहरूलाई सम्बन्धन दिन बैठक बस्नुभन्दा २ घण्टाअघि भीसी कार्यालयमा आगजनी भएको छ। घटनाको जिम्मा कसैले नलिए पनि विद्यार्थी नेताहरू प्रकाश पाण्डे र विश्वास अंगाईले मंगलबार संयुक्त विज्ञप्ति जारी गर्दै विद्यार्थीका जायज माग पूरा नगरे थप कडा संघर्षमा उत्रने चेतावनी दिएका छन्।

## रणनीतिक निर्णय ...

चलेको व्यापक छलफलपश्चात उक्त प्रस्ताव पारित गरियो । चुनाव खारेजीको समीक्षा र आगामी योजना सम्प्रेषण तथा एकरूपता कायम गर्न केन्द्रीयस्तरको प्रशिक्षण आयोजना गर्ने, भदौ दोस्रो हप्तामा स्कुलिङ चलाउने र त्यसक्रममा भौतिक श्रम अनिवार्य गर्ने र अक्टुबर क्रान्ति दिवस संयुक्त रूपमा मनाउने निर्णय पनि लिएको छ । भदौ २५ गते काठमाडौंमा विभिन्न पार्टीसँग ध्रुवीकरण सम्पन्न गर्ने पनि बताइएको छ । त्यसैगरी, नारायणी नदीपूर्व र पश्चिम गरी देशलाई दुई कमान्डमा विभाजित गरी पूर्वी कमान्डको नेतृत्व क. हेमन्तप्रकाश वली 'सुदर्शन' र पश्चिम कमान्डको जिम्मेवारी सन्तोष बुढा मगरलाई दिइएको छ । त्यसैगरी, अन्य महत्वपूर्ण निर्णयहरू पनि भएका छन् । त्यसैगरी विद्यार्थी मोर्चाको राष्ट्रिय सम्मेलन दसैं र तिहारको बीचमा गर्ने, विद्यार्थी मोर्चाको ३० बर्से हदम्याद राख्ने र सम्पूर्ण केन्द्रीय सदस्यलाई विद्यार्थी मोर्चाबाट अन्यत्र जिम्मा दिने निर्णय पनि बैठकले गरेको छ । बैठकले प्रकाशनसम्बन्धी दूरगामी महत्वका निर्णयहरू गरेको छ । जसअनुसार पार्टीको प्रकाशन विभागमा रहेका कुनै पनि सदस्यले निजी प्रकाशन, प्रसारणमा संलग्न हुन पाउनेछैनन् । उनीहरूले पार्टी प्रकाशन वा निजीमध्ये एउटा रोज्नुपर्नेछ । सरकारी विद्यालयका शिक्षकले आफ्ना छोराछोरी निजीमा पढाउने, सरकारी निकायले निजी व्यवसाय गर्ने, सरकारी डाक्टरले निजी क्लिनिकमा काम गर्ने, पार्टी प्रकाशनमा बसेर निजी पत्रिका चलाउने जस्ता चौतर्फी दखिएका विकृतिमाथिको निर्णयले दूरगामी प्रभाव पार्नेछ । बैठकले सांस्कृतिक अभियान, नमूना निर्माण कार्य, शिवगढीमा सहिद स्मारक निर्माण, सहिद सनराइज खेलकूद मैदान निर्माण गर्ने, सहिद कोष निर्माण, दोरम्बा स्मृति दिवस, रामवृक्ष यादव स्मृति दिवस, वासु स्मृति दिवस र साउन २८ गते सहिद सनराइज स्मृति दिवस देशभरि मनाउने निर्णय पनि गरेको छ। नेकपाले स्थानीय तहको तेस्रो चरणको निर्वाचन र प्रदेश चुनावको पनि खारेजी गर्ने भन्दै आवश्यक योजनासमेत निर्माण गरेको जानकारी पार्टी प्रवक्ता प्रकाण्डले दिनुभएको छ।

## देशभरि सुकुमबासी ...

नाङ्गो चरित्र चरितार्थ भएको छ । यसका विरुद्ध सबै जनता प्रतिकारमा उत्रनुपर्ने बेला आएको छ । दलालहरूले आफ्नो स्वार्थ पूरा गर्न निहत्था जनताप्रति गरेको यस्तो खालको व्यवहार किमार्थ मान्य हुनेछैन' ज्ञापनपत्रमा भनिएको छ। उक्त निर्णय तुरुन्त खारेज गरियोस् नत्र कडाभन्दा कडा प्रतिवादमा उत्रिने चेतावनीसहित ज्ञापनपत्र बुझाइएको छ।

# सुदूरपश्चिम विश्वविद्यालयलाई क्रान्तिकारीको चेतावनी

■ **अम्बिका चन्द**/काठमाडौं

शैक्षिक विकृति र विसंगतिका विरुद्ध आन्दोलनरत अखिल क्रान्तिकारीले कञ्चनपुरको महेन्द्रनगरमा रहेको सुदूरपश्चिमाञ्चल विश्वविद्यालयलाई शैक्षिक सुधारका विभिन्न माग सहित ज्ञापनपत्र बुझाएको छ । सुदूरपश्चिमकै शैक्षिक धरोधर मानिने उक्त विश्वविद्यालयको शैक्षिक, भौतिक, आर्थिक र नीतिगत विषयहरूलाई ज्ञापनपत्रमा समावेश गरिएको छ। अखिल क्रान्तिकारीले ज्ञापनपत्रमा विद्यालयको पठन-पाठन नियमित गर्नुपर्ने, सन्दर्भसामग्रीहरू थप गर्दै इ-लाईब्रेरीको व्यवस्था गर्नुपर्ने, संकाय अनुसार पुस्तक, प्रयोगात्मक सामाग्री, खानेपानी र सवार िसाधन पार्किङको व्यवस्था गर्नुपर्ने, परिक्षाफल समय सिमाभित्र प्रकाशित गर्नुपर्ने उल्लेख गरेको छ। यस्तै शैक्षिक क्यालेण्डर निर्माण गर्नुपर्ने, दोहोरो प्राध्यापन गर्ने प्राध्यापकलाई कार्वाही गर्नुपर्ने, विद्यालयका सम्पूर्ण गतिविधि वेवसाइडमा राख्नुपर्ने, विश्वविद्यालय सभाबाहेक सवै निर्णयहहरू विश्वविद्यालयको केन्द्रीय कार्यालयबाट गर्नुपर्ने, क्याम्पस प्रमुख र विभागीय प्रमुखको नियुक्ति तत्काल गर्नुपर्ने, प्रशासनिक र लेखा प्रणाली सफ्टवयर प्रणालीमा सञ्चालन गर्नुपर्ने लगायतका माग अखिल क्रान्तिकारीले पहिलो चरणमा सम्बोधन गरिनुपर्ने बताएको छ।

विश्वविद्यालयमा हुने नियुक्ति राजनीतिक भागबन्डाको आधारमा नभई वरिष्ठता, दक्षता, कार्यकुशलताको आधारमा गरिनुपर्ने, स्ववियू निर्वाचन प्रक्रिया अघि बढाउनुपर्ने, पाठ्यक्रम र अनुसन्धान निर्देशक तत्काल नियुक्ति गरिनुपर्ने, प्रश्नपत्र नेपाली एवं अंग्रेजी दुई भाषामा तयार पार्नुपर्ने, कर्मचारीको व्यवस्थापन गर्नुपर्ने लगायतका माग दोश्रो चरणका सम्बोधन गरिनुपर्ने ज्ञापनपत्रमा उल्लेख गरिएकोछ । ज्ञापनपत्रमा पहिलो चरणका माग १५ दिनभित्र र दोश्रो चरणका ३० दिनभित्र सम्वोधन नगरे कडा संघर्षका कार्यक्रम घोषणा हुने उल्लेख गरिएकोछ। आईतबार विश्वविद्यालयलाई बुझाईएको ज्ञापनपत्रमा क्रान्तिकारीका केन्द्रीय सदस्य विरेन्द्र शाह र कञ्चनपुर जिल्ला अध्यक्ष गौरव धामीले संयुक्त हस्ताक्षर गरेका छन्। अखिल क्रान्तिकारीले यसअघि पनि सोही विश्वविद्यालयमा डिन नियुक्तिको प्रक्रियालाई लिएर विरोध जनाएको थियो । विद्यालयको हित विपरित काम गर्ने क्याम्पसका पूर्णबहादुर चन्दलाई डिन नियुक्ति गरेको भन्दै क्रान्तिकारीले आपत्ति जनाएको हो । विश्वविद्यालयका उपकुलपति र रजिष्ट्रारले मनोमानी आफ्नो निर्णय गर्दै अघिबढे आन्दोलनका कार्यक्रम घोषणा गर्ने यसअघिनै चेतावनी दिइएको थियो।

# राष्ट्रिय युवा जनस्वयंसेवकको भेला सम्पन्न




■ **भीमबहादुर खड्का**/चितवन

नेपाल कम्युनिस्ट पार्टी निकट युवाहरुको संगठन राष्ट्रिय युवा जनस्वयंसेवक चितवनको प्रथम जिल्ला भेला सम्पन्न भएको छ। होटल स्टार बैंकेट, चितवनमा शनिवार सम्पन्न भएको उक्त भेलाले अटल श्रेष्ठको नेतृत्वमा ४५ सदस्यीय जिल्ला सम्मेलन आयोजक समिति गठन गरेको छ। राष्ट्रिय युवा जनस्वयंसेवकका महासचिव विवश राईको प्रमुख आतिथ्यता रहेको कार्यक्रममा विशिष्ठ अतिथि नेपाल कम्युनिस्ट पार्टी चितवनका जिल्ला इन्चार्ज लालबहादुर विसी र ब्युरो सदस्य ध्रुव खडका, ज.व.स., मोर्चाका अध्यक्षहरुले आतिथ्यता ग्रहण गरेका थिए।

'स्वास्थ्य, प्रतिष्ठा र विकासका लागि सरसफाइ'

**सन् २०१७ सम्म आधारभूत सरसफाइ सुविधा (चर्पी) मा सबैको पहुँच पुऱ्याउने राष्ट्रिय लक्ष्य प्राप्तिका लागि सबै मिलेर पूर्ण सरसफाई अभियानमा जुटौं।**

- पूर्ण सरसफाई अभियानलाई सफल बनाउनका लागि आआफ्नो टोल, गाउँलाई खुला दिशामुक्त बनाऔं।
- चर्पीको नियमित प्रयोग गरौं-गराऔं, दिशा धोएपछि अनि खाना खानुभन्दा अगाडि साबुन पानीले हात धुने बानी बसालौं।
- ताजा, सफा र पकाएका खानेकुरा खाऔं, सुरक्षित र सफा पानी पिऔं।
- घर आँगन र टोल छिमेकको वातावरण सफा बनाउने वातावरण निर्माण गर्न ही सबै आआफ्नो क्षेत्रबाट अगाडि बढौं।

**वातावरणीय सरसफाइ शाखा**
खानेपानी तथा ढल निकास विभाग
पानी पोखरी, काठमाडौं
फोन नं. ४४१३६७०, ४००६६६७

सफा रहौं स्वस्थ बनौं

नियमित

# स्वास्थ्य क्षेत्रमा लापरबाही



अम्बिका पाठक

स्वास्थ्य क्षेत्रमा समस्याहरू झनपछि झन् बढ्दै गएका छन् । काठमाडौंस्थित मनमोहन अस्पतालले एकजना बिरामीको एउटा समस्याको उपचार गर्दैगर्दा मृगौला झिकेर जीवन बर्बाद गरेको थियो । चितवनको क्यान्सर अस्पतालले केही वर्षअघि मात्र घाँटीको उपचार गर्न गएकी बिरामीको पाठेघरको शल्यक्रिया गरेको थियो । एकातिर यस्ता समस्याहरू रहेका छन्, अर्कोतिर सरकारी अनुदानमा आएको औषधी ठीक ढंगले वितरण नहुने, समयमा चिकित्सक नभेटिने, कार्यालय समयमा अस्पतालमा नबस्ने, प्रयोगशालाका मेसिन बिगारेर बस्ने र बिरामीलाई निजी अस्पतालमा पठाएर कमिसन खानेजस्ता समस्या छन् । दुर्गम र पहाडी जिल्लामा त कतिपय स्वास्थ्यचौकी र अस्पताल चिकित्सकविहीन छन् । स्वास्थ्य क्षेत्र जस्तो संवेदनशील र मानवीय क्षेत्रलाई नै मुट्ठीभर गलत व्यक्तिहरूले बदनाम गराइरहेका छन् ।

चितवनमा रहेको क्यान्सर अस्पताल त्यस्तै एउटा समस्याग्रस्त अस्पताल हो ।

वीपी कोइराला मेमोरियल क्यान्सर अस्पताल विगत केही वर्षयताबाट लथालिङ्ग छ । यसको जगेर्ना र सुधारको लागि सरोकारवाला पक्ष, सरकारी पक्ष र चितवनका कुनै पनि राजनैतिक दलले चासो दिएको पाइँदैन । यसलाई केवल दुहुनो गाईको रुपमा उपयोग गरेर आफ्ना महलहरू ठड्याउँदै व्यस्त छन् । भित्रका कर्मचारीहरू पनि उस्तै छन् भने अर्कोतिर नेपालमा अवस्थित जति पनि चिनियाँ लगानीमा संचालित सरकारी संस्थाहरू छन्, त्यसलाई ध्वस्त पार्न भारतीय विस्तारवाद र त्यसका दलालहरू हात धोएर लागि परेको देखिन्छ । चितवन कृष्णपुरस्थित क्यान्सर अस्पताललाई पनि ध्वस्त पार्ने निजी चलखेल भारतीय दलालहरू निकै सलबलाएको पाइन्छ । जसको ज्वलन्त उदाहरण भक्तपुर क्यान्सर अस्पताललाई लिन सकिन्छ । जहाँ भारतीय लगानी र तिनकै दलालहरूको लगानी देख्न सकिन्छ भने तिनै व्यक्तिहरू वीपी मेमोरियल क्यान्सर अस्पतालको प्रमुख पदहरूमा बसेर काम गरिरहेको पाइन्छ । भक्तपुर क्यान्सर अस्पतालका डाइरेक्टर भएका डा. प्रकाशराज न्यौपाने चितवन क्यान्सर अस्पतालका अध्यक्ष भएर चलाएका छन् भने चितवन क्यान्सर अस्पतालमा रेडियोलोजी प्रमुख भएर बसेका डा. अन्जनीकुमार झा पूरै समय भक्तपुरमा बिताउँछन् । अनि महिनाको एक पटक तलब लिन चितवनमा देखा पर्दछन् । अनि कसरी गर्ने यिनीहरूबाट सुधार र क्यान्सर अस्पतालको प्रगति र जनताले पाउने सहज सेवा सुविधाको अपेक्षा । हुन त वर्तमानमा डा. प्रकाश भक्तपुरको डाइरेक्टरबाट बाहिरिएका हुन् भने डा. अन्जनी वीपी कोइराला क्यान्सर अस्पतालको रेडियोलोजी प्रमुखबाट हटेका हुन् तर चितवन क्यान्सर अस्पतालको रेडियोलोजी विभाग उनकै इसारामा चलिरहेको छ । पुराना कुनै पनि मेसिन चालु अवस्थामा छैनन् र बनाउने चासो विगतदेखि कसैले गरेको पाइँदैन किनकि नयाँ खरिदमा कमिसनको ठूलो हिस्सा कसरी आफ्नो हात पार्न सकिन्छ भन्नेमा नै सबैको ध्यान गएको पाइन्छ ।

हाल आएर केही महिना अगाडिबाट कार्यकारी निर्देशक डा. विजयचन्द्र आचार्य नियुक्त भएका छन् । विवादित रुपबाट निर्देशक भएका उनीविरुद्ध अदालतमा मुद्दा परेको अवस्था छ । उनीभन्दा धेरै वरिष्ठलाई पाखा लगाएर आफू कार्यकारी बन्नुमा ठूलै आर्थिक चलखेल अनि गुटबन्दी छ भन्ने सुन्न पाइन्छ । जब उनी कार्यकारी बने त्यसपछिका दिनहरूमा आंशिक सुधार भएको पाइन्छ तर जुन कुरामा विशेष सुधारको अपेक्षा छ त्यो हुन सकेको पाइँदैन । उनी कार्यकारी भएपनि डा. अन्जनीको इसारामा चलेको पाइन्छ । जसका कारण सानातिना कुराहरू माथि सुधार गरेको जस्तो देखिए पनि बिरामीमा प्रत्यक्ष सरोकार राख्ने रेडियोलोजी २३०० को मेसिन बिगारिएकै अवस्थामा छ भने बाँकी थेरापी (भित्री सेकाइ गर्ने) मेसिन कोवल्ट मेसिन हालसम्म चालु छैन । भित्री सेकाइ गर्ने हाल पनि बिरामीलाई भक्तपुर रिफर गरिन्छ । विगतजस्तै संचालक समितिको बैठक काठमाडौंमा नै गर्ने गरिन्छ । काठमाडौंको रामशाहपथमा क्यान्सरको सम्पर्क कार्यालय खोलिएको र सबै निर्णय त्यहीं बसेर गर्ने गरेको जनमानसमा व्यापक गुनासो सुन्न पाइन्छ । जब कि सम्पर्क कार्यालय खोल्नु वैधानिक नभएको जानकारहरू बताउँछन् । अस्पताल एक राजनीति गर्ने थलोको रुपमा परिणत भएको पाइन्छ । आफ्ना आसेपासे र चम्चेहरूलाई नियम विपरीत बढुवा गरिएको र विगत ८/१० वर्षदेखि काम गरिराखेका कर्मचारीलाई स्थायी नगरिएको अवस्था देखिन्छ । रेडियोलोजी र थेरापी विभागमा मात्र लगभग ९५-१००% भत्ता बढाइएको र कर्मचारीबीच विभेद गरिएको पाइन्छ भने प्रशासनिक विभागमा पनि आफ्ना मान्छेहरूको हालीमुहाली चलाइएको पाइन्छ । जनमानसमा प्रत्यक्ष सरोकार राख्ने चिम्नी (इन्सिनेटर मेसिन) हालसम्म बनाइएको छैन । शल्यक्रियाबाट निस्केका मासुका टुक्रा अनि वार्डका फोहोर बाहिर घाँसबारीमा फालेको देख्न सकिन्छ । यसबाट मानवस्वास्थ्यमा पर्न जाने असरको जिम्मेवारी को हुने ? क्यान्सर प्रशासन कि हामी जनता ? भक्तपुरमा नै बस्नुपर्ने बोर्डको बैठक किन काठमाडौंमा मात्र राखिन्छ ? यसको पारदर्शिता खै ? अर्को मननयोग्य यो छ कि दुई वर्षअगाडि नै पूरा गरिसक्नुपर्ने निर्माणाधीन भवन किन बेवारिसे छ र समय समयमा ठेकेदार प्रेम मल्लले रकम थप माग्दै जानु र बोर्डले रकम थप्दै जानुबाट चरम चलखेल भइरहेको शंका गर्ने प्रशस्त ठाउँहरू पाइन्छ । यी हरेक कुराहरूलाई क्यान्सर अस्पताल बचाउ संघर्ष समितिले विगतदेखि वर्तमानसम्म सुधारको लागि दबाब दिंदै आइराखेको छ तर अनेकौं कुरा यो छ कि देशको गौरव नि चितवनको शान क्यान्सर अस्पताल चुर्लुम्म डुब्न लाग्दासम्म चितवनका कुनै पनि राजनैतिक पार्टीले चासो नराख्नु गम्भीर दुर्भाग्य हो । आज कार्यकारी फेरिने वित्तिकै आंशिक सुधारको नाममा जुन अस्पताल सुध्रिएको ढवाङ फुकिएको छ यो त केवल नौटंकीबाहेक केही होइन जुन भद्रगोल कमिसनतन्त्र, राजनैतिक अखडाको अन्त्य र सर्वसुलभ सम्पूर्ण यहींबाट सुचारु गरिंदैन । आफ्ना कुराहरू लागु गरी अस्पताललाई दुहुनो गाईको रुपमा प्रयोग गर्ने भ्रष्टहरूको अन्त्य हुँदैन तबसम्म वीपी कोइराला मेमोरियल क्यान्सर अस्पताल आफैमा क्यान्सरग्रस्त भइराख्ने पक्का छ । त्यसकारण यसको दीर्घकालीन संरक्षण, सम्वर्द्धन र निर्वाध रुपबाट स्वच्छ बनाई संचालन गर्न वर्तमान क्यान्सर प्रशासन धेरै कुरामा चनाखो बन्न जरुरी देखिन्छ र चितवनको शान बचाउन देशभक्त, जनप्रेमी र राष्ट्रप्रेमी राजनैतिक दलले चासो राख्नुपर्ने देखिन्छ । ता कि क्यान्सर अस्पताललाई भ्रष्टाचार, दलाली, कमिसनखोर, दादागिरी र आफ्ना आसेपासेको भर्तीकेन्द्र हुनबाट जोगाउन सकियोस् र पूर्वदेखि पश्चिमसम्मका गरिब जनताले सहज, सरल र झन्झटरहित ढंगले उपचार गर्न पाऊन् ।

# स्वाइन फ्लुको जोखिममा राजधानी

रातो खबर संवाददाता/काठमाडौं



स्वाइन फ्लुको संक्रमणपछि शनिबार काठमाडौंको ग्राण्डी इन्टनेसनल अस्पतालमा उपचार गराइरहेका पोखराका २९ वर्षीय एक विरामीको मृत्यु भएको छ । स्वाइन फ्लु हुनुअघि पूर्ण स्वस्थ रहेका ती युवालाई संक्रमणपछि निमोनिया देखिएको थियो । यो भन्दा पहिले शिक्षण अस्पताल महाराजगञ्जको सघनकक्षका विभाग प्रमुख डा. सुवास आचार्यका अनुसार फ्लुको संक्रमणबाट शिक्षण अस्पतालमा २ जनाको मृत्यु भइसकेको छ । आचार्यले स्वाइन फ्लु बिरुद्धको भ्याक्सिन लगाउन आग्रह गरेका छन् ।

स्वाइन फ्लुका लक्षणहरु : खोकी लागिरहने, घाँटी खसखसाउने, लामो समयसम्म कडा ज्वरो आउने, बालबालिकामा ज्वरोसँगै बान्ता हुने र पखाला लाग्ने देखिने बित्तिकै जाँच गराउनु पर्ने उनको सुझाव छ । स्वाइन फ्लु सरुवा रोग एक व्यक्तिबाट अर्कोमा छिटो सर्ने भएकाले सार्वजनिक ठाउँमा जाँदा मास्क लगाउने, खोक्दा वा हाछ्युँ गर्दा रुमालले मुख छोप्ने, साबुन-पानीले हातमुख धुने, झोलिलो खानेकुरा खाने र स्वाइन फ्लुको शंका लागेमा बेलैमा परीक्षण गरी सतर्कता अपनाउन डा. आचार्य सुझाउँछन् ।












निर्देशक : अनिल शर्मा, प्रवन्ध निर्देशक : भिमप्रसाद चापागाईं, प्रवन्ध सम्पादक : चिन्तामणि घिमिरे, सम्पादक : अशोकप्रसाद सुवेदी, प्रकाशक : रातोखबर प्रकाशन गृह प्रा.लि., कार्यालय : बागबजार, काठमाडौं, ´ail: ratokhabar@gmail.com, website : www.eratokhabar.com, मुद्रण : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं